*NPRC Multilingual Journal Vol.1(1) Pages: 121-139 eISSN: 3149-7608*

DOI: https://doi.org/10.68148/ygs25148

# ल्हासास्थित नेपाली महावाणिज्यदूतावासको भूमिकाः एक ऐतिहासिक अध्ययन

## [The Role of the Consulate General of Nepal in Lhasa: A Historical Study]

**शैलेन्द्र बहादुर थापा क्षेत्री (Shailendra Bahadur Thapa Kshetri)**

PhD Scholar

Political Science

Tribhuvan University, Nepal

shailendrathapa46@gmail.com

Received: May 10, 2026 Revised & Accepted: July 11, 2026

Copyright: Author(s) (2026)

This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License.

**लेखसार (Abstract)**

यो लेख "ल्हासास्थित नेपाली महावाणिज्यदूतावासको भूमिका" एक ऐतिहासिक अध्ययन् को उद्देश्य ऐतिहासिक कालदेखि नै नेपालको भौगोलिक अवस्थिति चीन र भारतको बीचमा रहेका कारण त्रिदेशीय सम्बन्धले नेपालको सार्वभौमिकता, राष्ट्रिय सुरक्षा र रणनीतिक हितमा पार्दै आएको दीर्घकालीन प्रभावको अवलोकन गर्नु हो । नेपाल र तिब्बतबीचको सम्बन्ध हजारौं वर्ष पुरानो भौगोलिक, ऐतिहासिक, सांस्कृतिक, धार्मिक तथा व्यापारिक अन्तरसम्बन्धमा आधारित रहेको छ । यस सम्बन्धलाई संस्थागत रुपमा सुदृढ बनाउने प्रमुख संयन्त्रमध्ये ल्हासास्थित नेपाली महावाणिज्यदूतावासको ऐतिहासिक भूमिका महत्वपूर्ण रहिआएको छ । यो अध्ययनको उद्देश्य ल्हासास्थित नेपाली महावाणिज्यदूतावासको स्थापना, विकासक्रम, कूटनीतिक, व्यापारिक, न्यायिक तथा सांस्कृतिक भूमिकाको ऐतिहासिक विश्लेषण गर्नु हो । अध्ययनमा गुणात्मक अनुसन्धान विधि अपनाइएको छ । आवश्यक तथ्य, तथ्यांकहरु ल्हासास्थित नेपाली महावाणिज्यदूतहरुसँग लिइएको अन्तर्वार्ता, ऐतिहासिक ग्रन्थ, नेपाल सरकारका प्रकाशित दस्तावेज, सन्धि सम्झौता, सान्दर्भिक पुस्तकहरु, जर्नल, राष्ट्रिय अभिलेखालयबाट प्राप्त सामग्रीहरु लगायत द्वितीयक स्रोतहरुको अभिलेखीय अध्ययनबाट संकलन गरिएको छ । प्राप्त सामग्रीहरुलाई ऐतिहासिक तथा विषयवस्तु विश्लेषण मार्फत व्याख्या गरिएको छ । अध्ययनले ल्हासास्थित नेपाली महावाणिज्यदूतावासले स्थापनाकालदेखि एक चीन सिद्धान्तप्रति प्रतिबद्धता, नेपाल-तिब्बत व्यापार व्यवस्थापन, नेपाली व्यापारीहरुको हित संरक्षण, कूटनीतिक सम्पर्क विस्तार, न्यायिक अधिकारको अभ्यास तथा सांस्कृतिक सम्बन्ध प्रवद्र्धनमा दीर्घकालसम्म महत्वपूर्ण भूमिका निर्वाह गरेको देखाएको छ । विशेषतः सन् १८५६ को नेपाल-तिब्बत सन्धिपछि यसको संस्थागत भूमिका थप सुदृढ भएको तथा

DOI: https://doi.org/10.68148/ygs25148

सन् १९५० को दशकपछि चीनद्धारा तिब्बतमा नयाँ प्रशासनिक संरचनासँगै यसको कार्यक्षेत्र र अधिकारमा क्रमिक परिवर्तन आएको निष्कर्ष छ । यस अध्ययनले नेपाल-चीन (तिब्बत) सम्बन्धको ऐतिहासिक आयाम बुझ्न तथा नेपालको परराष्ट्र सम्बन्धको विकासक्रममा ल्हासास्थित महावाणिज्यदूतावासको भूमिकालाई पुनर्मूल्यांकन गर्न महत्वपूर्ण शैक्षिक अधार प्रदान गर्दछ ।

**कुञ्जी शब्दहरु (Keywords):** एक चीन सिद्धान्त, नेपाल-चीन (तिब्बत) सम्बन्ध, ऐतिहासिक अध्ययन, भृकुटी, हिमालय सीमापार व्यापार, व्यापारिक कूटनीति, ल्हासास्थित नेपाली महावाणिज्यदूतावासको भूमिका, स्वस्थ विकाससँगै सुरक्षा रणनीति

## Abstract

The objective of this article, “The Role of the Consulate General of Nepal in Lhasa: A Historical Study,” is to examine the long-term impact of Nepal’s geopolitical position between China and India on its sovereignty, national security, and strategic interests through the lens of trilateral relations. The relationship between Nepal and Tibet dates back thousands of years and is rooted in geographical, historical, cultural, religious, and commercial interconnections. Among the major mechanisms that have institutionally strengthened these relations, the Consulate General of Nepal in Lhasa has historically played a significant role.

The study aims to provide a historical analysis of the establishment and development of the Consulate General of Nepal in Lhasa, with particular attention to its diplomatic, commercial, judicial, and cultural functions. A qualitative research approach has been adopted. Relevant facts and information were collected through archival research of interviews with former Nepali Consuls General in Lhasa, historical texts, published documents of the Government of Nepal, treaties and agreements, relevant books and journals, and materials obtained from the National Archives of Nepal, along with other secondary sources. The collected materials were interpreted through historical and thematic analysis.

The study reveals that, since its establishment, the Consulate General of Nepal in Lhasa has played a significant long-term role in demonstrating Nepal’s commitment to the One-China principle, facilitating Nepal–Tibet trade, protecting the interests of Nepali traders, expanding diplomatic contacts, exercising judicial authority, and promoting cultural relations. In particular, its institutional role was further strengthened following the Nepal–Tibet Treaty of 1856. However, from the 1950s onward, its functions and jurisdiction gradually changed alongside the establishment of new administrative structures in Tibet under the People’s Republic of China. The study provides an important academic basis for understanding the historical dimensions of Nepal–China (Tibet) relations and for reassessing the role of the Consulate General of Nepal in Lhasa in the evolution of Nepal’s foreign relations.

**Keywords:** One-China Principle, Nepal–China (Tibet) Relations, Historical Study, Bhrikuti, Cross-Himalayan Trade, Commercial Diplomacy, Role of the Consulate General of Nepal in Lhasa, Security Strategy Alongside Sustainable Development

## १. **परिचय** (Introduction)

नेपाल र चीनको स्वायत्त क्षेत्र तिब्बत नदी, हिमाल, भञ्ज्याङ्ग, शिखर, टाकुरा आदिबाट जोडिई १४१४.८८ किलोमिटर लम्बाई रहेको भौगोलिक सीमावर्ती सँधियार राष्ट्रहरु हुन् । अंग्रेजी शब्दको अपभ्रंश रुप तिब्बतलाई चिनियाँ मेण्डरिन भाषामा 'सिचाङ' (सिजाङ) भनिन्छ। भू-वैज्ञानिकहरुका अनुसार हिमालय उठ्नु अघि नै एशियाको पानी ट्याङ्की सिचाङी भू-भागहरुबाट नदीहरु बगिरहेका थिए ।

भोट हिमालय क्षेत्रबाट बगेर आएका हिमनदीहरुमध्ये नेपालमा प्रवेश गरेको हुम्ला कर्णाली नदी र अरुणखोलालाई हिमालय भन्दा पनि पुराना नदीहरु मानिन्छन् । सिचाङको माप्चा खम्वावबाट उत्पत्ति भएर नेपालको सीमाबर्ती क्षेत्रमा हुम्ला खोँच (गर्ज) बनाएर प्रवेश गरेपछि स्थानीय नामाकरण गरिएको हुम्ला कर्णाली नदी सप्तकर्णालीमा मिल्छ (थापा, भोलुम ३, फेब्रुअरी २०२२) ।

सिचाङको केरुङ नदी नेपालको रसुवागढीमा आएर तिब्बतकै लेङ्दे नदीसँग मिसिएपछि भोटखोलाको नामबाट बग्दै तल त्रिशुली खोलामा मिसिएर त्रिशुली नदीको नामले सप्तगण्डकी (नारायणी नदी) मा मिसिन्छ । तिब्बतको भोटखोला सिन्धुपाल्चोकको कोदारी लिपिङ मितेरी पुलमुनिबाट नेपालमा प्रवेश गरी सुनकोशी नदीमा मिसिएर पूर्व सप्तगण्डकीमा मिल्छ । अरुणखोला पनि तिब्बतबाट नेपालको किमाथाङ्का प्रवेश गरी सप्तकोशीमा मिल्छ (थापा, वि.सं. २०८०, पृ. १९१-१९४) । कोशी, गण्डकी, कर्णाली यी तीनवटै मूल नदीहरुमा चीन (तिब्बत) को पानी मिसिएको छ ।

शासकीय सुक्ष्मतालाई अवलोकन गर्दा जुम्ला, हुम्ला र बझाङ क्षेत्रका ऐतिहासिक बगाले थापाहरु स्थानीय हिमाली (हिम्दू) राज्यको मुखियातन्त्रका शक्तिशाली कल्याणकारी शासक थिए भने हुम्लाको तारा क्षेत्रका केदारु-मारुला निवासी पुराना आत्रेयगोत्र बगाले थापा क्षेत्री समुदायका अगुवा मुखियाहरु ईशाको पाँचौ शताब्दीतिर त्यहाँका प्रमुख प्रशासक थिए । थाक्लाखरका पालक थाक्पाला शासकहरुले "थापा" सैनिक पदवी ग्रहण गरेको तिब्बती राजनीतिक परम्परा थियो । यसरी नेपाल र तिब्बतको ऐतिहासिक राजनीतिक शासकीय सम्बन्धको सुरुआत भएको पाइन्छ ।

चीनको इतिहासलाई सुक्ष्म अवलोकन गर्दा, प्राचीन शाक्यमुनि बुद्धकालीन समयदेखि यता चिया घोडाकालीन समयहुँदै चिनियाँ रेशममार्गकालीन समयसम्म आइपुग्दादेखि नै तिब्बत वास्तवमा चीनको अभिन्न अङ्ग रहिआएको बुझिन्छ । चीनले नेपाललाई वि.सं. ६८७ (सन् ६३०) मा एक स्वतन्त्र राज्यको मान्यता दिई भृकुटीका दाजु नरेन्द्रदेव र तिब्बती राजा (व)स्रोङ(व)त्सन(स) गमपोबीच 'पहिलो प्रतिरक्षा सैनिक सहयोग तथा व्यापार-पारवहन सन्धि' गरेपछि तिब्बतको दक्षिणपट्टिको सीमालाई नेपालले सुरक्षित गर्नुपर्ने व्यवस्थासाथ नरेन्द्रदेवलाई तिब्बती सेनाको 'सुवेदार' पद दिएको पाइन्छ । यसरी त्यो कालक्रममा पनि मातृभूमि चीनको अभिन्न अङ्ग बन्दैआएको तिब्बतको राजकीय निर्णयको अधिकार चीनमा निहीत रहेको देखिन्छ । वि.सं. ६९० (सन् ६३३) मा तत्कालीन पश्चिम-दक्षिणकोलिद्रङ्गका महाराजा उदयदेव द्वितीयकी छोरी राजकुमारी भृकुटीको तिब्बती राजा (व)स्रोङ(व)त्सन(स) गमपोसँग विवाह भएको कालक्रमदेखि तिब्बतमा अझै विस्तारित र व्यवस्थित रुपमा बौद्ध दर्शन झाङ्गिने मौका पायो भने नेपाली व्यापारीहरुले पनि ल्हासामा व्यापारिक केन्द्र स्थापना गर्न थाले (थापा, वि.सं. २०८१, पृ. २२-२७) । विवाहकै सन्दर्भमा, त्रिरत्न मानन्धरका अनुसार नेपाल-भोट सम्बन्धको इतिहास धेरै लामो छ । भोटका वंशावली अनुसार ईशाको सातौं शताब्दीमा भोटका प्रसिद्ध शासक श्रङचङ गम्पोले नेपाली राजकुमारी भृकुटीसँग बिहे गरेका थिए र उनैले नरेन्द्रदेव, जो आफ्ना बाबु उदयदेवसँगै भोटमा शरण लिई बसेका थिए । ...ईशाको सातौं शताब्दीमा नेपाल र भोटबीच सम्बन्ध स्थापना भए तापनि त्यसको करिब एक हजार वर्षसम्म दुई देशबीचको सम्बन्धबारे हामीलाई राम्रो जानकारी छैन । ईसाको १७औं शताब्दीमा आएर मात्रै दुई देशबीच एउटा व्यापारिक सम्झौता भएको थियो (मानन्धर, वि.सं. २०८०, पृ. १) ।

नेपाल-चीन (भोट तिब्बत) लाई जोड्ने अर्को एउटा राजनीतिक तथा ऐतिहासिक-सांस्कृतिक माध्यम राजकुमारी भृकुटी देवी पनि हुनुहुन्छ । Shakya (1997 AD) का अनुसार डेभथर मार्फो, राहुल सांकृत्यायन जस्ता तिब्बती तथा भारतीय अनुसन्धानकर्ताहरुले पनि भृकुटीको जन्म वि.सं. ६८१ (ई.सं. ६२४) किटान साथ उल्लेख

गरेको पाइन्छ (p. 38) । थापा (वि.सं. २०८१) को एक शोध प्रवन्धका अनुसार लिच्छिवी महाराजा उदयदेव र रानी भद्रावतीको गर्भबाट वि.सं. ६८१ (सन् ६२४) माघ १ गते जन्मिनु भएकी राजकुमारी भृकुटी देवीको विवाह ९ वर्षको उमेरमा वि.सं. ६९० (सन् ६३३) मा तिब्बती राजा (व)स्रोङ(व)त्सन(स) गमपोसँग भएको विभिन्न अध्ययनहरुले देखाएका छन् (पृ. ८) । भृकुटीको जन्मघर काठमाडौंको लगन मञ्जुश्री टोल र ओमबहालको बीचमा छ, यो बुद्धमार्गीहरुका लागि तीर्थस्थल हुन सक्छ (शिवाकोटी, वि.सं. २०७३, पृ. २४५-२४६) । यो तथ्य अरुभन्दा वस्तुवादी देखिन्छ । त्यो टोलमा महामञ्जुश्रीको प्राचीन मूर्ति पनि छ । अक्सर महामञ्जुश्रीको आस्थासँग भृकुटी ताराको सम्बन्ध जोडिएको पाइन्छ । उदाहरणको लागि प्रज्ञा, ज्ञान - महामञ्जुश्री; परम प्रज्ञाको स्त्रीरुप - प्रज्ञापारमिता; करुणा, उद्धार र संरक्षणको स्त्री बुद्ध रुप - तारा र ऐतिहासिक नेपाली राजकुमारी भृकुटी, जसलाई चिनियाँ ( तिब्बती) परम्पराले तारासँग जोडेको पाइन्छ । त्यसक्रममा भृकुटीलाई चीन (सिचाङ) मा हरित तारा र नेपाल, भारतमा आर्यताराको प्रतीक मानेर संवोधन गर्ने गरेको पाइन्छ । भृकुटी ताराले सिचाङमा पति (व)स्रोङ(व)त्सन(स) गमपोलाई बौद्ध दर्शनप्रति समर्पित गराएपछि तिब्बती जनता पनि बौद्ध बनेका थिए । त्यसपछि सिचाङ बौद्ध नगरीको रुपमा विकास हुँदै गयो । तिब्बत (ल्हासा) को ऐतिहासिक प्रसङ्गको केन्द्रमा राजा नरेन्द्रदेव र उहाँकी बहिनी नेपाली राजकुमारी भृकुटीको अग्रस्थान छ ।

स्रोङत्सन गम्पोले नरेन्द्रदेवलाई सरदार समेत नियुक्त गरी दोलखामा दक्षिणतर्फको “सुरक्षा कवच” बनाई सेनाका साथमा सौगात पठाएका थिए (थापा, वि.सं. २०८१, पृ. १९-२०) । (व)स्रोङ(व)त्सन(स) गमपोले सन् ६४१ मा चीनको ताङ वंशकी राजकुमारी वेनछेङ र नेपालको लिच्छिवि राज्यकी राजकुमारी भृकुटी देवीसँग विवाह गर्नका लागि पोताला दरबार निर्माण गरेका थिए (Yuan, 2025 AD, p. 14) । इतिहासतः राजकुमारी भृकुटी देवीका दाइ राजा नरेन्द्रदेवले सन् ६४३ मा नेपालबाट पहिलोपल्ट चीनको पेइचिङ राजभवनमा नेपाली प्रतिनिधि दूतमण्डल पठाउनु भयो (थापा, तीव्रखबर, २०८१/३/२८) । महाराज उदयदेव द्वितीयकी ओजस्वी छोरी राजकुमारी एवं तिब्बती राजा (व)स्रोङ(व)त्सन(स) गमपोकी श्रीमती महारानी भृकुटी देवीले सम्पन्न गर्नुभएको तिब्बत व्यवस्थापन र निर्माण प्रक्रियामा ऐतिहासिक भूमिका रहेको पाइन्छ ।

राजा नरेन्द्रदेवले सन् ६४३ मा आफ्नै व्यक्तिगत र नेपालको तर्फबाट नेपाली दूतमण्डललाई कूटनीतिक सौगात सहित चीनमा पठाउनु भएको थियो । यो दूतमण्डल नै चीन बादशाहको राजधानी पेकिङ पुग्ने पहिलो नेपाली कूटनीतिक दूतमण्डल मानिन्छ (थापा, वि.सं. २०८०, पृ. १९) । राजनीतिक शक्ति निर्माणको क्रममा नेपालको सम्बन्ध सिचाङबाट विस्तारै टाडिदै सिचाङको मातृभूमि चीनतिर नेपालको निकटता बढ्न गई सन् ६४७ पछि चीनसँग नेपालको प्रत्यक्ष राजनीतिक एवम् कूटनीतिक सम्बन्धको सुरुआत भएको पाइन्छ । राजा नरेन्द्रदेव सन् ६४७ मा नेपालबाट सरसौगात लिई पुनः दोस्रो पटक कूटनीतिक दूतमण्डल लिई चीन जानु भएको थियो । उहाँले सन् ६५१ मा पनि तेस्रोपल्ट चीनका बादशाहलाई कूटनीतिक सरसौगातहरु पठाउनु भएको थियो । यो कदम विरुद्ध तिब्बतले नेपाल र चीनमाथि नैराश्यता प्रकट गरेका कारण करिब ११४१ वर्षसम्म नेपालले चीनसँग यस्तो विशेष प्रकारको पञ्चवर्षीय पारस्परिक सौगात सम्बन्ध आदान प्रदान गरेको देखिदैन (पूर्ववत्, पृ. १९-२०) । त्यसपछि सन् ६५१ को ऐतिहासिक निरन्तरतालाई लामो समयको अन्तरालपछि सन् १७९२ को वेत्रावती सन्धिले पुनः निरन्तरता दिएको बुझ्न सकिन्छ (थापा, तीव्रखबर, २०८१/३/२८) ।

नागराज तिब्बतको पश्चिम दक्षिणतर्फको खारी प्रदेशबाट वि.सं. ११५० ताका सिंजा क्षेत्रमा प्रवेश गरी खस राज्यको जग बसालेका थिए भने नेपाल र चीन (तिब्बत) हिमालय सीमा वारिपारिको भौगोलिक सम्बन्ध, ऐतिहासिक सम्बन्ध, व्यापारिक सम्बन्ध, साँस्कृतिक सम्बन्ध, मितेरी सम्बन्ध, विवाहवारी सम्बन्ध आदिले जोडिएको छ । यही ऐतिहासिक पृष्ठभूमिमा नेपालले आफ्ना नागरिकको सुरक्षा, व्यापारिक हित संरक्षण तथा कूटनीतिक सम्पर्क विस्तारका लागि ल्हासामा स्थायी प्रतिनिधित्वको व्यवस्था गरेको छ । गोरखाका राजा राम शाहले केरुङमा र कान्तिपुरका राजा प्रताप मल्लले कुतीमा आफ्नो अधिकार जमाए । भीम मल्लको प्रयासमा सम्पन्न नेपाल-तिब्बत सम्झौता अनुरुप उपत्यकाका नेवार महाजनहरुलाई ल्हासामा आफ्ना व्यापारिक कोठीहरु खोल्ने अनुमति प्रदान गर्‍यो । यो सम्झौताले कान्तिपुरका राजाले ल्हासामा आफ्नो एउटा प्रतिनिधि राख्ने अधिकार पनि पाए (मानन्धर, वि.सं. २०८०, पृ. १-२) ।

चिनियाँ मिङ राजवंश काल (सन् १३६८ - सन् १६४४) मा चीन र नेपाल स्थित बनेपामा राज्य गर्ने खस शासकका बीचमा असल कूटनीतिक सम्बन्ध स्थापित गरी नेपाल र चीनबीच ६, ७ पटकसम्म कूटनीतिक सरसौगात मिसनहरुको आदान प्रदान भइरह्यो । नेपाल (खस राज्य) र चीनको तिब्बत सन्धि अन्तर्गत सन् १४०० मा खस राजा अभय मल्लको योजनाबद्ध निर्देशनानुसार जुम्लाका तत्कालीन राजा बलिराज शाहीले तिब्बतसँग सीमा र सीमा-व्यापार लगायत ल्हासासम्म नुन, सुनचाँदी र ऊन आदिको व्यापार गर्ने सन्धि गरेको पाइन्छ । दोलखाका राजा इन्द्रसिंहदेव र तिब्बतबीच सन् १५०५ मा मुद्रा व्यापार सन्धि गरी नेपाल (दोलखाको टक्सार) मा मुद्राको रुपमा चाँदीका मोहोर (चांका) उत्पादन गरेर तिब्बतमा आपूर्ति गरेको पाइन्छ । तर यो मुद्राले अन्तर्राष्ट्रिय मान्यता प्राप्त गर्न नसकेपछि काठमाडौंका राजा महेन्द्र मल्ल (सन् १५१६ देखि सन् १५७४ सम्म) ले दिल्लीमा कूटनीतिक सरसौगात लगेर मुगल सम्राट अकबरको समर्थनबाट नेपालमा चाँदीका मोहरहरु अर्थात् महिन्द्रमल्लीको टकमारी शुरु गर्नुभएको थियो । यी मोहरहरु उत्पादन गर्नका लागि तिब्बतबाट नेपालमा शुद्ध चाँदी ल्याएर छपाई गरी पुन: तिब्बतमा आपूर्ति गरिन्थ्यो । नेपाल र तिब्बतले चाँदीका सिक्का तथा शुद्ध चाँदी बराबरको तौलमा साटासाट गर्दथे (थापा, वि.सं. २०८०, पृ. २०-२१) ।

गोरखामा सन् १६०५/सन् १६०६ देखि सन् १६३६ सम्म खसवंशीय राजा राम शाहले आफ्नो राज्यकाल विस्तारको उत्तरार्द्ध (सन् १६२५-सन् १६३०) मा पहिलो पटक तिब्बतमाथि आक्रमण गरेपछि पुन: दोस्रो पटक पनि तिब्बतमाथि आक्रमण गरी गोरखाली फौजले तिब्बतको कुकुरघाटसम्म अधिकार जमायो । त्यसपछि प्रत्यक्षरुपमा गोरखाको व्यापारिक सम्बन्ध तिब्बतसँग कायम हुन पुग्यो । राजा राम शाहको यसै नमूनालाई आत्मसात गर्दै, काठमाडौंका राजा प्रताप मल्लले पनि तिब्बतको कुतीतर्फको बाटो कब्जा गर्न आफ्नो निर्देशनमा काजी भीम मल्लको नेतृत्वमा सैनिक बल कुतितर्फ पठाउनु भयो । चिनियाँ छिङ राजवंशकाल (सन् १६४५ देखि सन् १९११ सम्म) मा नेपालतर्फ सन् १६४५ देखि सन् १६५० को यसै अभियानको फलस्वरुप प्रताप मल्लको फौज सिगात्सेसम्म पुग्यो । युद्धरत समयमा दुई पक्षबीच सन्धि गर्ने निर्णय भयो । जसअनुसार तत्कालीन दलाइ लामाका सहायकसँग नेपाल र तिब्बत दुवै पक्षहरुका बीचमा काठमाडौंले कुती र केरुङमा २ वटा व्यापारिक कोठी खोल्ने, काठमाडौंका व्यापारी नेवार समुदायले व्यापारको निम्ति ल्हासामा वत्तीस कोठीहरु खोल्ने, काठमाडौंका व्यापारी नेवार समुदायले व्यापारको निम्ति ल्हासामा वत्तीस कोठीहरु खोल्न पाउने, नेपालले तिब्बतको निम्ति काठमाडौंका राजाको सहिछाप भएको मुद्रा छाप्ने र यसका निम्ति तिब्बतले नेपाललाई सुनचाँदी दिनुपर्ने लगायतका बुँदाहरुमा काठमाडौं र तिब्बतबीच व्यापारिक सन्धिमा हस्ताक्षर गरिएको थियो । यो सन्धिलाई काजी भीम मल्लको तिब्बत (भोट) सँगको सन्धिका नामले चिनिन्छ (पूर्ववत्, पृ. २१) ।

चिनियाँ छिङ राजवंशले सन् १७२७ मा ल्हासामा चिनियाँ सरकारी उच्च आयुक्तको कार्यालय स्थापना गऱ्यो । छिङ दरवारले २ हजार सैनिकलाई तिब्बत स्थित उच्चआयुक्तहरुको मातहतमा राख्यो, जसले तिब्बतका लागि प्रशासनिक इलाका निर्धारण गऱ्यो (छिङयिङ, सन् २०१९, पृ. ७२) । तत्कालीन राजा पृथ्वीनारायण शाहले तिब्बतसँग भएको यस अघिका मुद्रा विवाद र कुती व्यापारलाई व्यवस्थापन गर्नका लागि प्रक्रिया अगाडि बढाउँदा पृथ्वीनारायण शाहको जनवरी १५, १७७५ मा निधन भएपछि तिब्बती पञ्चेन लामाले नेपालबाट भारतमा व्यापारका लागि पारवहन मार्गको अनुरोध गरेपछि नेपालले सन् १७७५ मा रुपनारायण कार्कीको नेतृत्वमा पठाएको प्रतिनिधिबीच वार्ता भई नेपाल र तिब्बत (कुती) व्यापार तथा वाणिज्य सन्धि, सन् १७७५ सम्पन्न भएको थियो । यो सन्धि अनुसार नेपालबाट शुद्ध चास्नीको टक मुद्रा मात्र तिब्बत पठाउनु पर्ने, अरु देशका व्यापारीहरुले कुती र केरुङको बाटो बाहेक अरु बाटोबाट सुनचाँदी लैजान नपाउने, यो सन्धिको शर्त पालना नगर्ने सरकारसित ५० धार्नीको सुन धरौटीको रुपमा लिने लगायतका बुँदाहरुमा सम्झौता भएको थियो (थापा, वि.सं. २०८०, पृ. २१) ।

नेपाल र तिब्बत युद्धलाई विधिवत अन्त्य गर्न जून २, १७८९ मा सम्पन्न गरेको केरुङ सन्धिको विषयलाई लिएर ल्हासा दरवारले चीनका बादशाहको अनुमति नलिई नेपालसँग गरेको सन्धिमाथि आपत्ति जनाएका कारण तिब्बतले उसको मातृभूमि चीनसँग मिलेर नेपालसँग गरेको केरुङ सन्धिको पालना गर्न आनाकानी गऱ्यो । चीनका बादशाहले नेपालका तत्कालीन राजा रणबहादुर शाहलाई एउटा पत्र पठाई तिब्बतमाथिको सुरक्षात्मक र कल्याणकारी दायित्व आफूले लिदैआएको आशयको विवरणलाई यसरी मनन् गर्न सकिन्छ : "हामी यो आकाशमुनिका मालिक

*NPRC Multilingual Journal Vol.1(1) Pages: 121-139 eISSN: 3149-7608*

DOI: https://doi.org/10.68148/ygs25148

भएको हुनाले सबैलाई उत्तरोत्तर उन्नतिको कामना गर्दै रहन्छौं । तपाइँको देशका जनताले यद्धपि तिब्बतमा आवश्यक खाद्य तथा लत्ता कपडा ल्याइरहेको छ भन्ने सुन्दा खुसी लागेको छ" (थापा, वि.सं. २०७८, पृ. १७७) । आइन्दा पनि यस्तै प्रकारले तिब्बतमा व्यापार चलाई, दलाइ र पञ्चेन लामाबीच शान्तिपुर्वक सुमधुर सम्बन्ध राखी आपसी हित तथा न्यायपूर्ण तरिकाले विनाआक्रमक दृष्टि राखी यथावत व्यापार गर्नू । तपाइँको सुशासन, सुख, समृद्धिका लागि भगवानले रक्षा गरुन् भन्ने कामना गर्दछु । यो तथ्यले पनि तिब्बत चीनको अभिन्न अङ्ग रहेको पुष्टि हुन्छ (पूर्ववत्) । गोरखाली पल्टनले वि.सं. १८४६ मा जुम्ला विजय गरेपछि जुम्लाका अन्तिम राजा शोभान शाही त्यहाँबाट भागेर तिब्बत पुगे (पूर्ववत्, पृ. ६८) । यसरी चिनियाँ बादशाहीको संरक्षणमा रहेको तिब्बतमा तत्कालीन जुम्लाका राजाले राजनीतिक शरण पाएको उदाहरणले पनि नेपाल-चीन (तिब्बत) सम्बन्धको नाता ऐतिहासिक रुपले गहिरो देखिन्छ ।

केरुङ सन्धि भएको २ वर्षको अन्तरालमा नेपालले पुन: तिब्बतमाथि आक्रमण गर्ने नीति लिन बाध्य भई काजी दामोदर पाण्डेको नेतृत्वमा गएको काजी देवदत्त थापा, वमबहादुर कुँवर, नरसिंह टक्सारी सहितको फौजले सन् १७९१ - सन् १७९२ मा दोस्रो नेपाल - चीन (तिब्बत) लडाइँ लड्यो (ajakoartha.com/2083.05.19) । यता, नेपाल सरकारले चिनियाँ सेना विरुद्ध बेलायती अंग्रेज सेनाको सहयोग पाउने आशामा सन् १७९२ मा बेलायतसँग 'वाणिज्य सन्धि' गरेपछि चीन विरुद्ध लड्न अंग्रेज सेनाको सहयोग मागेको थियो । तर, बेलायतले नेपालसँग 'वाणिज्य सन्धि' गरिसकेपछि चीन विरुद्ध लड्न नेपाललाई अंग्रेज सेना उपलब्ध गराउन इन्कार गऱ्यो । उता, तिब्बती सेनाले नेपाली सेना विरुद्ध प्रत्याक्रमण युद्ध लड्नको लागि आफ्नो मातृभूमि चिनियाँ सेनाको सहयोग मागेपछि चीन सरकारको निर्देशन अनुसार जनवरी २०, १७९२ मा चिनियाँ सेनापति जनरल फुखाङआन नेतृत्वको सेनाले नेपाली सेनामाथि आक्रमण गरी अगाडि बढ्दै बेत्रावती नजिक आइपुगेको थियो । (थापा, वि.सं. २०८०, पृ. २१-२२) ।

चीनका बादशाह छियानलिङको ५७औं वर्षको शासनकाल अबधीमा ८औं चिनियाँ चन्द्र महनिाको १९ गते ताका चिनियाँ सेनापति जनरल फुकाङआनले नेपाल-चीन बेत्रावती लडाइँमा आत्मसमर्पण स्वीकार गरे । त्यसपछि बाध्यतावश: अक्टोबार ५, १७९२ मा बेत्रावतीको ठूलो कालो हात्ती ढुङ्गा वरिपरि रहेर नेपाली पक्ष र चिनियाँ पक्षबीच 'शान्ति तथा मैत्रीपूर्ण बेत्रावती सन्धि' सम्पन्न भयो (ajakoartha.com/2083.05.19) । बेत्रावती सन्धिमा नेपाल र तिब्बतले आफूबीचको शत्रुता त्यागी मित्रवत् सम्बन्ध कायम राख्नुपर्ने, भविष्यमा नेपाल-तिब्बतबीच विवाद उठेमा सामाधानका लागि ल्हासास्थित चिनियाँ आवासीय मन्त्रि समक्ष पेश गर्नुपर्ने, नेपालले प्रत्येक पाँच, पाँच वर्षमा चिनियाँ बादशाहलाई सम्मानस्वरुप सौगात .(क्विनक्वेन्नियल मिसन) पठाउनु पर्ने र यसमा आउने सो पञ्चवर्षीय सौगात टोलीको खर्च एवं यातायातको सुविधा चीन सरकारले बेहोर्दै चिनियाँ बादशाहले पनि नेपाललाई उपहार पठाउनु पर्ने लगायतका विषयहरुमा सन्धि भएको थियो (थापा, वि.सं. २०८०, पृ. २२) ।

चीन सरकारले चिनियाँ सेनापति जनरल फुकाङआनलाई तिब्बती क्षेत्रमा बढी प्रभावशाली शासन सञ्चालनको लागि एक अध्यादेश बारे छलफल र तयारी गर्न आदेश दियो । जनरल फुखाङआनले विधानको बारेमा आफ्नो विचार सुनाउँदै ८औं दलाइ लामा र ७औं पञ्चेन आर्तनीलाई भेटे । ती दुवै सहमत भए । सन् १७९३ मा छिङ सरकारको अनुमोदनमा तिब्बतमा अझ प्रभावशाली सरकारको लागि २९ बुँदै एक अध्यादेश जारी गरियो । तिब्बतमाथि चीनको यो परम्परागत राजनीतिक-प्रशासनिक वैधानिकताले पनि तिब्बतलाई आफ्नो मातृभूमि चीनको अभिन्न अङ्ग पुष्टि गर्छ । अध्यादेशको ३ नं. बुँदाले चिनियाँ बादशाह छिआङलङको सिक्का स्थापना गरी मुद्रा नियन्त्रण गर्ने अधिकार दियो । ५ नं. बुँदाले नेपाल (गोर्खा) र तिब्बत अधिनस्थ महत्वपूर्ण स्थानहरुमा सीमा अभिलेखहरु ठाउँ ठाउँमा बलियो गस्तीका साथमा ठड्याउने व्यवस्था गऱ्यो (छिङयिङ, सन् २०१९, पृ. ८०-८५) ।

बादशाह छियाङलङले सन् १७९५ मा गद्दी त्याग गरेपछि भिक्षु हुने संस्कार अङ्गाले । ८औं दलाइ लामाले सन् १७८९ मा बादशाहको प्रतीमा पोटाला दरबारमा स्थापना गरे । ८औं दलाइ लामाको जीवनीमा लेखिएको छ तिब्बतका जनतालाई आशिष दिन बादशाहले आफ्नो प्रतीमा तिब्बती तथा हात जातिद्वारा पूजित मूर्तिको रुपमा दिए । बादशाह छिआङलङद्वारा लिभिङ बुद्धको टुल्कु टुङ्गो लगाउन स्वर्ण कलशबाट चिट्ठा थुतेर दलाइ लामा अथवा पञ्चेन आर्तनीको टुल्कु छान्न केही महत्वपूर्ण क्रियाकलाप बादशाहहरुको प्रतीमा तथा स्मृति अभिलेख अगाडि

DOI: https://doi.org/10.68148/ygs25148

सञ्चालन गरिन्थ्यो (ऐजन, पृ. ८०-९३)। यी ऐतिहासिक प्रमाणहरुले सिचाङको दलाइ लामा तथा पञ्चेन आर्तनीको राजकीय व्यवस्थापनमा चीन सरकारको निर्णायक भूमिका रहेको प्रमाणित गर्दछन्।

## २. शोध विधि (Methodology)

यस अध्ययनमा संकलित तथ्य तथ्यांकहरुलाई कालक्रम र विषयगत आधारमा वर्गीकरण गरी गुणात्मक विधि अवलम्बन गरिएको छ। त्यस्तै, विश्लेषणको आधार ऐतिहासिक विवरणात्मक तथा विश्लेषणात्मक र अवलोकनात्मक विधि अवलम्बन गरिएको छ। प्राथमिक स्रोतका रुपमा विषयगत क्षेत्रका विभिन्न ५ (पाँच) जना विज्ञहरुसँग अन्तर्वार्ता लिइएको छ। द्वितीयक स्रोतका रुपमा पुस्तक, पुस्तिका, पत्रपत्रिका, अनुसन्धान आलेखहरु, अनलाइन खबर, ऐतिहासिक दस्तावेज लगायतका आवश्यक स्रोतहरु उपयोगमा छन्।

## ३. सिचाङ मातृभूमि चीनको अभिन्न अङ्ग हो : एक चीन सिद्धान्त

ठूला राजा (वादशाह, सम्राट) चीनमा, साना राजा तिब्बतमा रहिआएको परम्परागत भोट चिनियाँ इतिहास साक्षी छ। सिचाङी राजा (व)स्रोङ(व)त्सन(स) गमपोसँग सन् ६३३ मा नेपाली राजकुमारी भृकुटी र सन् ६४१ मा चिनियाँ राजकुमारी वेङचेङ कोङ्चोको विवाह भएदेखि नै तिब्बतको राजकीय अधिकार चिनियाँ वादशाह ताइजोङमा नीहित थियो। चिनियाँ हान वंशका राजपरिवार र तिब्बती यार्लुङ वंशका राजपरिवारहरुबीच विभिन्न पुस्ताहरुमा राजकीय वैवाहिक सम्बन्ध स्थापित हुँदै आएको इतिहास सुरक्षित छ। सन् ६४३ मा राजा नरेन्द्रदेवको नेपाली कूटनीतिक सम्बन्ध तिब्बतमार्फत चीनसँग भएपछि तिब्बतमाथि चीनको अधिकार बलियो भएको पाइन्छ। 'चीन (काका) - तिब्बत (भतिज) शान्ति तथा मैत्री सन्धि' सन् ८२२ मा सम्पन्न भई जोवो मन्दिर क्षेत्रलाई आधार मानी पहिलोपल्ट ल्हासा नामाकरण गरी स्थापना गरिएको अभिलेख स्तम्भलाई 'काका-भतिज स्तम्भ' मानेदेखि नै चीनको अभिन्न अङ्ग तिब्बत रहेको विभिन्न अध्ययनले देखाएका छन् (थापा, वि.सं. २०८०, पृ. ११३)।

सिचाङमा जीवित (लिभिङ) बुद्ध हुनुहुन्छ। तुस क्स्युम ख्खयेन (बा) पाले सन् ११९०-११९३ मा जीवित बुद्धको 'टुल्कु प्रथा' सुरु गरेको पाइन्छ (छिडयिङ, सन् २०१९, पृ. १०)। चिनियाँ युआन सम्राट कुब्लाइ खाँ र मंगोल खाँले तिब्बती दलाइ लामा प्रथाको संस्थापक गुरु तुस क्स्युम ख्खयेन पालाई भेटेर (बा) पालाई 'ब्ल्याक बुद्धिष्ट ह्याट' (कालो बौद्ध टोपी) उपहार दिए (पूर्ववत्, पृ. ११-१२)। तिब्बती दलाइ लामा प्रणालीको वैधानिक अधिकार परम्परागतकालदेखि नै चीनमा निहीत रहिआएको देखिन्छ। त्यहाँदेखि बुद्धको टुल्कु प्रथालाई 'लिभिङ बुद्धको ब्ल्याक ह्याट' भनी याङ्सी दलाइ लामा परम्पराको विधिवत प्रारम्भ भएको पाइन्छ। हाल जनगणतन्त्र चीन सरकारद्वारा तिब्बती राजनीतिक-धार्मिक शक्तिको अविच्छिन्न एकाधिकार चीनप्रति वैधानिक रुपमा उत्तरदायी ११औं पञ्चेन लामालाई प्रदान गरिएको छ। यसरी यो परम्परा सञ्चालनको वैधानिक मान्यता चीन बादशाहबाट दिइँदै आएको छ।

फुखाङआङद्वारा नेतृत्व गरिएको सेनाद्वारा नेपालका गोर्खालीहरुलाई पराजित गरिएपछि एक अध्यादेश मार्फतबाट तिब्बती बौद्ध दर्शनमा लिभिङ बुद्धहरुको टुल्कु प्रथा व्यवस्थित गर्‍यो। धार्मिक र राजनीतिक आवश्यकता अनुरुपको यो आधारभूत प्रथा हो (पूर्ववत्, पृ. ८०-९३)। तिब्बतमा अझ प्रभावशाली सरकारका लागि २९ बुँदे नियम लागू भएदेखि दलाइ लामा जस्तो लिभिङ बुद्धको टुल्कु खोज्ने काम चिनियाँ छिङ साम्राज्यमा यसरी पहिलो पटक भयो (पूर्ववत्, पृ. ९६)। तिब्बतमाथि चीनको २९ बुँदे अन्तर्गतका कतिपय बुँदाहरुले तिब्बतलाई चीनको अभिन्न अङ्गको रुपमा सुनिश्चित गरेको देखिन्छ।

तिब्बती १०औं पञ्चेन एर्डेनी छोस्की ग्यात्सेन सन् १९८९ मा निर्वाण हुनुभयो। त्यसपछि उहाँको याङ्सीको रुपमा जीवित बुद्धको प्रतीक टुल्कुलाई डिसेम्बर ८ र ९, १९९५ मा ११औं पञ्चेन एर्डेनीको राज्यारोहण गरियो। जनगणतन्त्र चीनको ऐतिहासिक परम्परा तथा धार्मिक विधि अनुसार र जनगणतन्त्र चीनको राज्य परिषद्को स्वीकृतिमा, परम्परागत् बौद्ध सिद्धान्त बमोजिम सुनौलो कलशबाट छानिने चिट्ठा प्रथाले ११औं पञ्चेन एर्डेनीको राज्यारोहण समारोह, पञ्चेन एर्डेन चोस-की रग्याल-फो, दक्षिण पश्चिम चीनको सिचाङ स्वायत्त क्षेत्रको शिगात्से स्थित ताशिल्हुन्पो गुम्बामा सम्पन्न भयो। भूमिलाई शुद्ध पार्ने र सबै जीवित प्राणीहरुलाई लाभ र खुशी दिने भन्ने १०औं पञ्चेन रिन्पोछेको शिक्षालाई ११औं खाछन (डक्टरेट उपाधि बराबर) पञ्चेन रिन्पोछेले पनि निरन्तरता दिँदै

आउनु भएको पाइन्छ । तिब्बती बौद्ध दर्शनलाई समाजवादी समाजमा अनुकूलन गर्न ११औं पञ्चेन रिन्पोछेको महत्वपूर्ण भूमिका रहिआएको छ (वाङ शु र चाओ चनयु, सन् २०२६, पृ. ५-१९) । नेपालको भोट तिब्बतसँग युद्ध हुँदा यदि भोट तिब्बतले नेपालसँग युद्ध जित्न सकेन भने भोट तिब्बत (सिचाङ) ले चीनसँग सहायता मागेपछि नेपाल विरुद्ध चिनियाँ सेना युद्धमा आउने र तिब्बतलाई सुरक्षित राख्ने इतिहासहरु साक्षी छन् । तिब्बती मुद्राकै सन्दर्भमा पनि व्यवहारिक र कानूनी रुपमा तिब्बती मुद्रामाथि चिनियाँ अधिकार र नियन्त्रण कायम रहिआएको मौद्रिक इतिहास पनि साक्षी छ । यसले पनि तिब्बतको मातृभूमि चीनको अभिन्न अङ्ग चीन रहेको पुष्टि गर्छ । तिब्बती ११औं पञ्चेन रिन्पोछे, "सिचाङ प्राचीन कालदेखि नै चीनको अभिन्न अंग रहेको छ र देशलाई विभाजन गर्ने सबै कार्यहरुको दृढतापूर्वक विरोध गर्दै रहेका छौं" (ऐजन, पृ. १३-१४) । रिन्पोछेको यो दृष्टिकोणले पनि चीनको ऐतिहासिक अभिन्न अङ्ग सिचाङ रहेको प्रमाणका लागि निश्चिन्त हुने दरिलो आधार खडा भएको छ ।

उपर्युक्त तथ्यहरुमा आधारित वस्तुगत तथ्यांकहरुले वास्तवमा तिब्बत परम्परागतकालदेखि नै मातृभूमि चीनको एउटा अभिन्न अङ्ग रहिआएको पुष्टि गर्छ । तर फरक सभ्यताका केही पश्चिमा विज्ञ, प्राज्ञहरुले हिमालय सीमा वारिपारिका नेपाल-चीन जस्ता एशियाली सभ्यताको केन्द्रलाई अस्थिर राख्ने मनसायले 'सन् १९५१ मा चिनियाँ जनमुक्ति सेनाले तिब्बत कब्जा गरेपछि' (Murton, 2017 AD, p. 4) ...जस्ता भाष्य निर्माण गरी निरन्तर भ्रम सृजना गर्ने गरेको पाइन्छ । तर चीनले यो कदमलाई मे २३, १९५१ को १७ बुँदे सम्झौतामा आधारित "तिब्बतको शान्तिपूर्ण मुक्ति" को प्रक्रिया मान्दै आएको छ । यो सम्झौता मार्फत तिब्बती सामन्तवादको अन्त्य गरी विदेशी साम्राज्यवादी शक्तिलाई परास्त गर्दै तिब्बतको स्वस्थ विकास र सुरक्षामा सहयोग पुग्दैआएको चिनियाँ स्वीकारोक्ति छ । यसप्रकार विभिन्न ऐतिहासिक सन्धि, सम्झौता, नियमहरुले एक चीन सिद्धान्तलाई प्रमाणित गर्दै वर्तमान चिनियाँ व्यवस्था र अवस्था अगाडि बढिरहेको देखिन्छ ।

## ४. भीमसेन थापा-जङ्गबहादुर राणाकालीन नेपाल-चीन पञ्चवर्षीय कूटनीतिक सौगात मिसन

नेपाल-चीन (भोट तिब्बत) ऐतिहासिक उत्तरदानलाई मनन् गरी मुख्तियार कमाण्डर-इन-चीफ राष्ट्रिय विभूति भीमसेन थापाले ५ वर्षे सौगात (क्विनक्वेन्नियल) मिसनको प्रतिनिधिका रुपमा अंग्रेज-नेपाल युद्धमा भाग लिएका कर्णेल भक्तवीर थापा, कर्णेल रणवीरसिंह थापा, काजी रणजोरसिंह थापा जस्ता योद्धाहरुलाई चीनको पेइचिङ पठाउनु भएको थियो । नेपालको कूटनीतिक इतिहासमा यसलाई चीनमा पठाइएको थापा मिसनको नामबाट चिनिन्छ । भीमसेन थापाले राष्ट्रिय विभूति बडाकाजी अमरसिंह थापाका छोरा भक्तवीर थापालाई सन् १८०७ मा पञ्चवर्षीय उपहार (सौगात) प्रतिनिधि मिसन प्रमुख बनाई सुवेदार डम्बर थापा, ऐमान थापा, कृष्णसिंह थापा, सिंहवीर थापा लगायतलाई पेइचिङ पठाए तापनि पेइचिङ नगई नेपाल-तिब्बत (कुती) को सीमावर्ती क्षेत्रमा पुगेर त्यहाँ आएका चिनियाँ सौगात मिसनलाई आफ्नो नेपाली सौगात हस्तान्तरण गरी नेपाल फर्किएको थियो । काजी भक्तवीर थापाको नेतृत्वमा सरदार डम्बर थापा 'क', सुवेदार महसिंह थापा, रामचन्द्र थापा, सुवेदार डम्बर थापा 'ख', अर्जुन थापा लगायतको अर्को पञ्चवर्षीय सौगात मिसनलाई जून १८१२ मा चीनको पेइचिङ पठाइएको थियो ।

भीमसेन थापाका कान्छा भाइ कर्णेल रणवीरसिंह थापा (स्वामी अभयानन्द गिरी) लाई चिनियाँ प्रमण्डलसँग भेट गर्न सेप्टेम्बर १०, १८१६ मा सौगात मिसनको नेतृत्वकर्ता बनाएर तिब्बतको केरुङ पठाइएको थियो । यसमा दलभञ्जन पाँडे, भक्तवीर थापा लगायतका काजीहरुको सहभागिता थियो । यो मिसनले तत्कालीन सुगौली सन्धिबाट निर्धारित नयाँ नेपालको मूल्य मान्यता, भावना अनुरुप चीन सरकारको थप समर्थन र सहयोग जुटाउन महत्वपूर्ण भूमिका खेलेको थियो । राष्ट्रिय विभूति बडाकाजी अमरसिंह थापाका अर्का छोरा काजी रणजोरसिंह थापा नेतृत्वको पञ्चवर्षीय सौगात मिसनलाई काठमाडौंबाट जून १८१७ मा पेइचिङ पठाइएको थियो । सन् १८१४-१८४६ को अंग्रेज-नेपाल युद्ध सकिएको लगत्तै चीनमा पठाइएको यो पहिलो नेपाली पञ्चवर्षीय मिसनलाई भीमसेन थापाले चीनसँग सम्बन्ध प्रगाढ बनाई अन्तर्राष्ट्रिय सहयोग जुटाउने लक्ष्य राख्नुभएको थियो । चीनले यो मिसनलाई सहयोग गरेको हिसाबले नेपालको लागि यो मिसनको ऐतिहासिक महत्व छ । जङ्गबहादुर राणा लगायतका ७ भाइहरुका 'काजीमामा' कर्णेल तिल विक्रमसिंह थापा (त्रिविक्रमसिंह थापा) नेपाल-भोट युद्ध हुँदा सन्धिमा कुरा मिलाउन नेपाल सरकारले भोट सरकारको आग्रहमा वि.सं. १९१२ (सन् १८५५) मा 'काजीमामा' त्रिविक्रमसिंह थापा (भीमसेन

DOI: https://doi.org/10.68148/ygs25148

थापाका भतिजा) को नेतृत्वमा एक प्रतिनिधि मण्डल शिकारजोङ्गमा पठाएको थियो । हालसम्म विजय गरेको तिब्बती भूमि नेपालमै गाभ्ने, नेपाली जनताको लुटपाट र युद्धमा लागेको खर्च हर्जानास्वरुप भोट (तिब्बत) सरकारले तिर्नुपर्ने कुरामा नेपाल सरकार अडिग रहेपछि भोट सरकारका प्रतिनिधिहरुले यो शर्तलाई मञ्जुर गरेनन् (थापा, तीव्रखबर २०८१/३/२८) । किनकि नेपालीहरु आफूले कब्जा गरेको ठाउँ छोड्न चाहँदैन थिए तथा छोडेमा ९० लाख हर्जाना चाहन्थे । भोटेहरु आफ्नो मुलुक नछोडी २० लाख हर्जाना तिरी कुरा तय गर्न खोज्थे । यसैले आखिरमा कुरा टुङ्गो केही लागेन । तिलविक्रम काठमाडौं फर्के (पन्त, वि.सं. २०७०, पृ. ९) ।

बरु, तिब्बती प्रतिनिधि कालोन शत्र काठमाडौं आई वि.सं. १९१२ चैत्र (मार्च २४, १८५६) मा तत्कालीन प्रधानमन्त्री निवास तथा कार्यालय थापाथली दरवारमा नेपाल-तिब्बतबीच १० सूत्रीय सन्धिमा हस्ताक्षर भयो । यो सन्धिमा 'काजीमामा' कर्णेल त्रिविक्रमसिंह थापाको पनि सहिछाप परेको छ। संसारको कूटनीतिक इतिहासमा नेपाल-चीन कूटनीतिक सम्बन्धलाई अक्षुण्ण राख्न सफल मुख्तियार कमाण्डर-इन-चीफ भीमसेन थापाको योगदानको उच्च कदर गर्दै चीनका बादशाहले भीमसेन थापालाई वि.सं. १८८१ (सन् १८२४) सालमा चीनबाट प्रदान गरिने संसारको सबैभन्दा शक्तिशाली अमूल्य "लालगजुर मयुरको कल्की र खिल्लत" उपहार प्रदान गरी सम्मान गरेका थिए । चीनले प्रदान गरेको यो शक्तिशाली उपहार पाउनु हुने भीमसेन थापा एशियाकै पहिलो व्यक्ति हुनुहुन्थ्यो (थापा, तीव्रखबर, २०८१/३/२८) । भीमसेन थापाले सो उपहार पाउनु भएको ८८ वर्षको अन्तरालमा सन् १९१२ पछि ऐतिहासिक नेपाल-चीन पञ्चवर्षीय सौगात मिसनको प्रचलन अन्त्य भयो । यसरी सन् १९१२ सम्म नेपालले चिनियाँ बादशाहलाई पठाइएको उपहारको दोब्बर उपहार थपेर नेपाललाई पठाउने चलन चल्दै आएको थियो । यसको ऐतिहासिक कानूनी उत्तरदानहरु अगष्ट १, १९५५ मा सम्पन्न नेपाल-चीन आधुनिक कूटनीतिक सम्बन्धमा रुपान्तरित भई हस्तान्तरण हुँदै हालको सम्बन्ध अगाडि बढिरहेको छ ।

माथि उल्लेख गरिएको वेत्रावती सन्धिबाट तिब्बत सन्तुष्ट नभएका कारण तिब्बती पक्षबाट वेत्रावती सन्धिका सर्तहरु उल्लंघन भएपछि चीन अफिम युद्धले कमजोर बनेको समयमा बमबहादुर कुँवरको नेतृत्वमा गोरखाली फौज मार्च ६, १८५५ मा तिब्बतमाथि आक्रमण गरी अप्रिल ३, १८५५ मा तिब्बती सेनालाई परास्त गऱ्यो । परिणामतः नेपालको पक्षमा सफल यो युद्धमा सन्धिको लागि कुरा मिलाउन भोट सरकारको आग्रहमा नेपाल सरकारले काजी भक्तवीरसिंह थापाका छोरा काजी त्रिविक्रम सिंह थापा काजी मामा (तिल विक्रमसिंह थापा) को नेतृत्वमा एक प्रतिनिधि मण्डल शिकारजोङ पठाइयो । त्यहाँ उहाँ लगायत नेपाल सरकारको भनाई के थियो भने हासलसम्म विजय गरेको तिब्बति भूमि नेपालमै गाम्ने र नेपाली जनताको लुटलाट-पिटपाट तथा युद्धमा लागेको खर्च समेत हर्जाना स्वरुप एक करोड रुपैयाँ भोट तिब्बत सरकारले तिर्नपर्ने कुरामा अडिग रहे । भोट सरकारका प्रतिनिधिहरुले यस सर्तलाई मञ्जुर गर्न सकेनन् तसर्थ कर्णेल त्रिविक्रम सिंह थापा काठमाडौं फर्किनु भयो । त्यसपछि मार्च २४, १८५६ मा तत्कालीन प्रधानमन्त्री निवास तथा कार्यालय थापाथली दरवारमा नेपाल-तिब्बतबीच १० सूत्रीय सन्धिमा हस्ताक्षर भयो (थापा, वि.सं. २०८०, पृ. २३) । यसलाई ऐतिहासिक "थापाथली सन्धि" भनिन्छ । (ज.ब.रा., २०५२/१२/४) । वेत्रावती सन्धि भएको ११४ वर्षपछि र थापाथली सन्धि भएको ५० वर्षपछि सन् १९०६ बाट नेपाल र चीनबीच सन् ६४३ र सन् १७९२ देखि चल्दै आएको पञ्चवर्षीय सौगात क्विनक्वेन्नियल मिसन सन् १९१२ बाट अन्त्य भयो ।

## ५. नेपाल-चीन आधुनिक कूटनीतिक सम्बन्धपछि सम्पन्न केही सन्धि, सम्झौता, समझदारीपत्र

नेपालको चार किल्लासँग जोडिएका सँधियार राष्ट्रद्वय चीन-भारत मिलेर चीनको पेकिङमा अप्रिल २८, १९५४ मा पञ्चशील (शान्तिपूर्ण सहअस्तित्व) को सिद्धान्त निर्माण गरे । यसको भोलिपल्टै चीन र भारत दुई देशीय राष्ट्रप्रमुखहरुको आदेश र सरकार प्रमुखहरुको निर्देशमा भारतीय राजदूत नेद्याम राघवन र चिनियाँ केन्द्रीय जनसरकार उपविदेशमन्त्री चाङ हान फुबीच "चीनको तिब्बत क्षेत्र र भारतबीच व्यापार तथा आवागमन सम्बन्धी मामिला" लाई लिएर अप्रिल २९, १९५४ मा पेकिङमा हस्ताक्षर गरी सम्झौता गरे । यस दिन (अप्रिल २९) देखि भारतले 'चीनको एक चीन नीति' लाई जोडदार रुपमा समर्थन गर्दै आयो । चीन र भारतले पारस्परिक मिलापमा नेपाललाई वेवास्ता गर्दै अप्रिल २९ को त्यही सम्झौतामा टेकेर सोही दिनदेखि लागू हुनेगरी दुई देशीय व्यापार तथा

DOI: https://doi.org/10.68148/ygs25148

तीर्थालु मार्गको रुपमा प्रयोग गर्ने निर्णय लिई नेपालको सार्वभौम भूमि लिपुलेक क्षेत्रमाथि अतिक्रमणको पहिलो नीतिगत प्रक्रिया अगाडि बढाए (थापा, २०८३/०१/२७)।

चीनसँग नेपालको आधुनिक कूटनीतिक सम्बन्ध स्थापित हुनुअघि तत्कालीन राजा महेन्द्रले मे ३, १९५५ मा आफ्नो राज्यभिषेक समारोहका अवसरमा उपस्थित विश्वका करीब ३० भन्दा बढी राष्ट्रहरुका अतिथीहरुमाफ परराष्ट्र नीतिको क्षेत्रमा असंलग्न र समदूरी सिद्धान्तको मार्गदर्शन प्रस्तुत गर्नुभयो। नेपाल-चीन सरकारी प्रतिनिधि मण्डलबीच कूटनीतिक सम्बन्ध स्थापनार्थ काठमाडौंमा जुलाइ २७, १९५५ मा वार्ता शुभारम्भ भयो (के.सी., वि.सं. २०६१, पृ. २३६)। वार्ताक्रममा वाङडुङ सम्मेलनको निर्देशित भावनासहित नेपाल-चीन बीच एकअर्का मुलुकको अखण्डता, स्वतन्त्रता र सार्वभौमिकताप्रति पारस्परिक सम्मान गर्ने; अनाक्रमण; अहस्तक्षेप (तटस्थ); शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्त (पञ्चशीलको सिद्धान्त) का आधारमा उभिएर नेपाल - चीनबीच अगष्ट १, १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भयो (श्रेष्ठ, राणा, भण्डारी र अरु, वि.सं. २०७२, पृ. ५५०-५५१)। पञ्चशीलको सिद्धान्त हाल पनि प्रचलित छ।

पञ्चशीलको सिद्धान्तलाई शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्त पनि भनिन्छ। त्यसको एक वर्षपछि एशिया र अफ्रिकाका २९ राष्ट्रहरुका प्रतिनिधिहरुको अप्रिल १८, १९५५ देखि एक हप्तासम्म बाङडुङमा भएको सम्मेलनको परिणामले नेपालको आधुनिक परराष्ट्र नीतिको विकासक्रम सुरु भयो। सेप्टेम्बर २०, १९५६ मा तिब्बतमाथि नेपालले लामो समयदेखि उपभोग गरिरहेको विशेषाधिकारहरुलाई परित्याग गरी नेपालले चीनसँग एउटा तिब्बत सम्बन्धी सन्धिका साथै 'शान्ति तथा मैत्री सन्धि' मा पनि हस्ताक्षर गऱ्यो (भट्टराई, केशवप्रसाद, सन् १९९०, पृ. २९)। अतः पञ्चशील सिद्धान्तलाई आधार मानी एउटै मिति सेप्टेम्बर २०, १९५६ मा चीनसँग "नेपाल - चीन मैत्री तथा व्यापार सम्झौता" र अर्को सम्झौता चीनको तिब्बतसँग 'नेपाल - तिब्बत पारस्परिक अन्तर्सम्बन्धित व्यापार सम्झौता' गरी २ वटा सम्झौताहरु भएको पाइन्छ (थापा, वि.सं. २०८०, पृ. २५-२६)। नेपाल र चीन दुई देशीय सम्बन्धमा यी सम्झौताहरु ऐतिहासिक रुपले महत्वपूर्ण मानिन्छन्।

प्रस्तुत सम्झौताहरुले नेपाल-चीन दुई देशीय राजदूतस्तरीय कूटनीतिक प्रतिनिधिहरु पारस्परिक साटासाट गर्ने (आर्टिकल २) व्यवस्था गरी चीनको तिब्बत क्षेत्र र नेपाल तथा चीन-नेपालबीच भएका यस अघिका सम्पूर्ण सन्धिहरु तथा कागजातहरुको उत्तरदान यो नयाँ सम्झौतामा सर्नेगरी यस अघिका ती पुराना सन्धि, सम्झौताहरु रद्ध गरिए (आर्टिकल ३)। नेपाल-चीन "शान्ति तथा मैत्री सन्धि" वि.सं. २०१७ वैशाख १६ गते तद्अनुसार अप्रिल २८, १९६० मा सम्पन्न भएको थियो (ऐजन, पृ. २७-२८)। यो सन्धिलाई पनि नेपाल र चीन दुई देशीय सम्बन्धमा महत्वपूर्ण र ऐतिहासिक मानिन्छ।

नेपाल-चीन (तिब्बत) बीच सञ्चालन भएको सीमा-पार व्यापारलाई प्रबर्द्धन गर्नेक्रममा तिब्बतबाट काठमाडौं आएको तिब्बती प्रतिनिधि मण्डलले तयार पारेको प्रतिवेदनमा नोभेम्बर २२, १९८१ को सम्झौता अनुसार दुई पक्षीय व्यापारिक नाकाहरुका रुपमा नेपालमा कोदारी, रसुवागढी र यारी तथा चीनको तिब्बतमा न्यालम, केरुङ र पुराङबाट व्यापार आदान प्रदान गरी दुई देशीय मैत्री सम्बन्ध सुदृढ पारियो। नेपाल र चीन (तिब्बत) बीच बेइजिङमा सम्पन्न भएको व्यापार तथा भुक्तानी सम्झौता सेप्टेम्बर १२, १९८४ को आर्टिकल ७ मा दुवै देशहरुबीचको सीमावर्ती क्षेत्रहरु अन्तर्गत क्रमशः नेपालको कोदारी र चीन (तिब्बत) को न्यालम; नेपालको रसुवागढी र चीन (तिब्बत) को केरुङ; नेपालको यारी (हुम्ला) र चीन (तिब्बत) को पुराङ; नेपालको टिङकर र चीन (तिब्बत) को पुराङ; नेपालको किमाथाङका र चीन (तिब्बत) को रिऊ र नेपालको ओलाङचुङगोला र चीन (तिब्बत) को रिऊलाई व्यापार नाकाहरु (विन्दूहरु) तोकेको पाइन्छ (थापा, वि.सं. २०८०, पृ. ३४-३८)।

"नेपाल-चीन आधुनिक कूटनीतिक सम्बन्ध" अगष्ट १, १९५५; "नेपाल-चीन मैत्री र चीनको तिब्बत भएर गरिने व्यापार तथा अन्तर-देशीय सन्धि सम्झौता" सेप्टेम्बर २०, १९५६; पहिलो "आर्थिक सहयोग सम्झौता" अक्टुवर ७, १९५६; "नेपाल-चीन सीमा सन्धि" अक्टुवर ५, १९६१; "व्यापार तथा भुक्तानी सम्झौता" नोभेम्बर २२, १९८१; नेपाल - चीनको तिब्बत दुई अन्तर-देशीय सीमा पार भएर दुवै देशतर्फ ३० किलोमिटर क्षेत्रभित्र गर्न पाउने परम्परागत व्यापारलाई नयाँ सम्झौताहरुले कुनैपनि प्रभाव नपार्ने गरी गरिएको सम्झौता सेप्टेम्बर १२, १९८४ लाई ल्हासा स्थित नेपाली महावाणिज्यदूतावासको नियमित कार्य सञ्चालनार्थ आवश्यक महत्वपूर्ण सन्धि, सम्झौताहरु

DOI: https://doi.org/10.68148/ygs25148

मानिन्छन् । नेपाल सरकार र चीन सरकारबीच वेइजिङमा डिसेम्बर २७, १९९९ मा "दुई देशीय सांस्कृतिक सहयोग सम्बन्धी सन्धि" भएको पाइन्छ ।

नेपाल सरकार र चीन सरकारबीच वेइजिङमा जुलाइ १०, २००२ मा भएको व्यापार र यससँग सम्बन्धित नेपाल तथा चीनको स्वशासित क्षेत्र तिब्बतसँग सम्बन्धित अन्य विषयहरुमा ९ बुँदे सम्झौता गरेको पाइन्छ । यसरी तिब्बतमा रहेको नेपाली महावाणिज्यदूतावासले प्रस्तुत विद्यमान सन्धि, सम्झौताहरुका आधारमा आफ्नो नियमित कार्य सम्पादन गरी नेपालको राष्ट्रिय हित प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दैआएको देखिन्छ । तत्कालीन प्रधानमन्त्री सुशिल कोइरालाको कार्यकालमा डिसेम्बर १८, २०१४ मा "एक क्षेत्र एक (एक्षेए) मार्ग पहलकदमी" को प्रारम्भिक समझदारीपत्रमा सम्झौता भएको पाइन्छ ।

नेपाल-चीन 'रेलमार्ग परियोजना' सम्बन्धी निर्णय १९-२४ जून २०१८ लगायतका आधुनिक समझदारीपत्रहरु पनि उत्तिकै महत्वपूर्ण मानिन्छ । तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीको अप्रिल २४, २०१९ देखि मे ०१, २०१९ सम्म जनगणतन्त्र चीनमा भएको राजकीय भ्रमणका अवसरमा चीनले नेपालको लागि चीनको तियानचिन, सेनचेन, लियानयुङ, झानचिआङ ४ वटा चिनियाँ समुद्री बन्दरगाह र लान्झाओ, ल्हासा, सिगात्से ३ वटा चिनियाँ स्थल वन्दरगाह उपलब्ध गराउने सम्बन्धी प्रोटोकलमा भएको हस्ताक्षरले चिनियाँ मार्ग भएर नेपालको तेस्रो मुलुकसँग पहुँच विस्तार भएको पाइन्छ । टोखा-छहरे सुरुङमार्ग, व्यापार प्रवर्द्धन, नेपाल-चीन ५ वर्षे विकास योजना (सन् २०२५-२०२९) लगायतलाई समेटेर डिसेम्बर २०२४ मा सम्पन्न नेपाल-चीन ९ बुँदे सम्झौता तथा समझदारी पत्रहरुलाई पनि महत्वपूर्ण रुपमा लिन सकिन्छ (थापा, वि.सं. २०८१, पृ. २५-५८) । यसरी नेपाल-चीन विद्यमान ऐतिहासिक तथा आधुनिक दुई देशीय सन्धि, सम्झौता, समझदारी पत्रहरुलाई हृदयङ्गम गरी ल्हासा स्थित नेपाली महावाणिज्यदूतावासले नेपालको राष्ट्रिय स्वार्थ परिपूर्तिमा महत्वपूर्ण भूमिका खेल्दै आइरहेको पाइन्छ ।

## ६. ल्हासा स्थित नेपाली महावाणिज्यदूतावासको इतिहास

ल्हासामा रहेको वर्तमान नेपाली महावाणिज्यदूतावास चीनको स्वायत्त क्षेत्र सिचाङको सबैभन्दा पहिलो पुरानो नियोग हो । यो सर्वप्रथम वि.सं. १६९९ (सन् १६४२) मा 'नाय रेसिडेन्सी' को रुपमा स्थापना भएको थियो । नेपाः (नेवारी) भाषामा 'नाय' को ऐतिहासिक अर्थ 'नेवार व्यापारीहरुको प्रतिनिधि (प्रमुख) व्यक्ति' मानिएको पाइन्छ ( अन्तर्वार्ता : शर्मा २०७६/२/२, उक्याव २०७६/२५ र थापा २०७६/२/२५) । गोविन्द बहादुर कार्की र नवराज ढकालद्वयको कार्यानुभवले पनि यो कार्यालय पुरानो मध्येको एक "प्रतिनिधिमण्डल निवास" रहेको तथ्यलाई पुष्टि गरेको छ (कार्की र ढकाल अन्तर्वार्ता, २०८३/०४/२२) । त्यस्तै, वासुदेव ढकालद्वारा प्रस्तुत तथ्य अनुसार सन् १६४२ मा कान्तिपुर (काठमाडौं) का राजा प्रताप मल्लको पालामा सो नियोग स्थापना भएको (Bhattarai, Uprety and Lohani, 2025 AD, p. 2) उल्लेख पाइन्छ । थापाथली सन्धि मार्च २४, १८५६ ले 'नाय रेसिडेन्सी' लाई 'दूतावास' बनाई विदेशमा रहेको सबैभन्दा पुराना कूटनीतिक नियोगहरुमध्ये एक ऐतिहासिक नियोगको रुपमा स्थापित गऱ्यो । ल्हासाको नेपाली वाणिज्यदूतलाई त्यहाँ रहेका नेपाली व्यापारीहरुको समस्याहरु हेर्न र मुद्दा छिन्ने अधिकार दिइयो । यसका साथै सन्धिमा भोटमाथि कुनै राष्ट्रले आक्रमण गरेको खण्डमा नेपालले भोटलाई सघाउने सर्त पनि थियो (थापा, वि.सं. २०८२, पृ. १०२-१०३) । यसरी वि.सं. १९१३ (सन् १८५६) देखि नै यो कार्यालयले ऐतिहासिक 'नेपाली वकिल अफिस' को नामबाट दूतावासको समकक्षता सो सरह काम गर्दै आयो । नेपाली पक्षले नेपाली वकिल अफिसबाट गरेको फैसलालाई चिनियाँ पक्षले पनि मान्दथ्यो । तर त्यसको लागि यहाँ एक पक्ष ( एउटा) नेपाली अधिकारीको संलग्नता अनिवार्य चाहिन्थ्यो (कार्की र ढकाल, अन्तरवार्ता २०८३/०४/२२) ।

महावाणिज्यदूतावासको वर्तमान एक वेभसाइटबाट पनि नेपाल - तिब्बत व्यापार सहजीकरणका लागि ल्हासामा 'वकिल कार्यालय' स्थापना गरेको (lxa.nepalconsulate.gov.np) पुष्टि हुन्छ । वासुदेव ढकालद्वारा लिखित 'नेपाल-चीन सम्बन्धका सत्तरी वर्ष' शीर्षकमा प्रस्तुत गरिएको एक तथ्य अनुसार थापाथली सन्धिद्वारा ल्हासामा नेपाली कूटनीति पद नायक वा वकिललाई 'दूत' भन्ने प्रावधानमा सहमति भई टुङ्गिएकाले वि.सं. १९१२ (सन् १८५६) देखि ('नाय रेसिडेन्सी') को नाम परिवर्तन गरी 'नेपाली वकिल कार्यालय' राखिएको थप पुष्टि हुन्छ । पहिलो नेपाली वकिलको रुपमा कर्णेल जुद्धविक्रम थापा (कार्यकाल सन् १८५६ - सन् १८५९) लाई नियुक्ति गरियो

(Bhattarai, Uprety and Lohani, 2025 AD, p. 2-3)। सन् १८५६ देखि सन् १९५६ सम्मको एक सय वर्षमा १९ जना नेपाली वकिलहरुले आफ्नो कार्यभार सम्हालेका थिए। जसमध्ये सन् १९५२ देखि सन् १९५६ सम्म अन्तिम वकिल गम्भीरसिंह घर्ती क्षेत्री रहनु भएको उल्लेख पाइन्छ (Ibid)।

नेपाल र जनगणतन्त्र चीनबीच अगष्ट १, १९५५ मा कूटनीतिक सम्बन्ध स्थापना भएपछि सन् १९५६ मा विधिवत् रुपमा ल्हासास्थित नेपाली महावाणिज्यदूतावासको स्थापना भएको हो। स्थापनाकालदेखि नै यस महावाणिज्यदूतावासले नेपाल र जनगणतन्त्र चीनबीच द्विपक्षीय सम्बन्ध सुदृढ गर्न तथा सामाजिक-आर्थिक सम्बन्ध प्रबर्द्धन गर्ने कार्य गर्दैआएको छ (lxa.nepalconsulate.gov.np)। यसरी वि.सं. २०१३ (सन् १९५६) देखि वकिल कार्यालयको ऐतिहासिक नाम परिवर्तन भई विधिवत् रुपमा 'महावाणिज्यदूत' (Consulate General) नामाकरण भएपछिको पहिलो महावाणिज्यदूत (Consul General) उपेन्द्रबहादुर बस्नेत (कार्यकाय सन् १९५६ देखि सन् १९६१ सम्म) हुनुभएको पाइन्छ।

रणबहादुर थापाद्वारा प्रकाशित एक शोध-पुस्तकले महावाणिज्यदूतावास ल्हासाको कार्यालय फायललाई उधृत गर्दै सो स्रोतमा नाय (प्रमुख) रेजिडेण्ट क्याप्टेन विक्रम थापा (सन् १८५५/५६) ले 'सामाजिक सम्बन्ध र व्यापार व्यवस्था' सम्बन्धी कार्य गरेको तथ्य उल्लेख पाइन्छ। उपेन्द्रबहादुर बस्न्यातको कार्यकालमा महावाणिज्यदूतावासको भवन निर्माण गरेको तथ्य भेटिएको छ (थापा, वि.सं. २०७८, पृ. १७८)। हाल (सन् २०२४ देखि) को महावाणिज्यदूत लक्ष्मीप्रसाद निरौला हुनुहुन्छ (Bhattarai, Uprety and Lohani, 2025 AD, p. 2-5)।

## ७. ल्हासा स्थित नेपाली महावाणिज्यदूतावासको भूमिका, काम, कर्तव्य र अधिकार

चीनको सिचाङ (तिब्बत) प्राचीन कालदेखि नेपाल र चीनबीचको प्रवेशद्वारका रुपमा रहँदै आएको छ। तसर्थ, ल्हासस्थित नेपाली महावाणिज्यदूतावास (Consulate General) नेपाल र चीनबीच व्यापार, वाणिज्य र पर्यटनको आवागमन सहजीकरण गर्न रणनीतिक रुपमा महत्वपूर्ण स्थानमा अवस्थित छ। ल्हासस्थित नेपाली महावाणिज्यदूतावास जनवादी गणतन्त्र चीनको तिब्बत स्वायत्त क्षेत्रमा रहेको एकमात्र कूटनीतिक नियोग हो र यो नेपाल तथा चीनबीचको न्यानो एवं सौहार्दपूर्ण सम्बन्धको प्रतीकका रुपमा रहेको छ (lxa.nepalconsulate.gov.np)। महावाणिज्यदूतावास (Consulate General) एउटा स्थायी सरकारी नियोग भएकाले नियोगको नेतृत्व गर्ने एक पदाधिकारीलाई महावाणिज्यदूत (Consul General) भनिन्छ। यसरी महावाणिज्यदूतको नेतृत्वमा नियोगको भूमिका, सम्पादन गर्ने काम, कर्तव्य र अधिकारहरु यस प्रकार छन्।

### ७.१. भूमिका (Role)

ल्हासा स्थित नेपाली महावाणिज्यदूतावासले नेपाल-चीन हिमालय सीमापार कूटनीतिक सम्बन्धको सम्पर्क बिन्दुको रुपमा रहेर रणनीतिक महत्वको भूमिका खेल्दै आएको देखिन्छ। द्विपक्षीय व्यापार सहजीकरण, नेपालको निर्यात प्रवर्द्धन, चिनियाँ बजारमा नेपाली वस्तुको पहुँच, सीमा व्यापार, व्यापारिक प्रनिनिधिमण्डलको आदानप्रदान, लगानी प्रवर्द्धन, पर्यटन तथा व्यापारबीच सम्बन्ध, आर्थिक कूटनीति लगायतका क्षेत्रमा ल्हासा महावाणिज्यदूतावासको आर्थिक महत्व तथा भूमिका छ। कैलास-मानसरोवर यात्रा, नेपाली तीर्थयात्रीको सहजीकरण, चिनियाँ पर्यटकलाई नेपाल आकर्षित गर्ने भूमिका, धार्मिक तथा साँस्कृतिक पर्यटन, पर्यटन कूटनीति, गौतम बुद्ध-भृकुटी-अरनिकोको योगदान तथा भूमिका सम्बन्धी पारस्परिक कार्य, हिन्दू तथा बौद्ध सभ्यतासँग सम्बन्धित कार्य, बौद्ध कूटनीति लगायतका पर्यटन तथा तीर्थ-कूटनीतिक सम्बन्धी महत्वपूर्ण भूमिका रही आएको छ।

तिब्बतमा रहेका नेपाली नागरिक तथा व्यवसायी, संकटमा नेपाली नागरिकको सहायता, उद्धार तथा स्वदेश फिर्ती, मृत्यु दुर्घटना-गिरफ्तारी वा कानूनी समस्यामा सहायता, नागरिक र परिवारसँग सम्बन्धित कन्सुलर सेवा लगायतका सामाजिक तथा मानवीय महत्व सम्बन्धी भूमिका रही आएको छ। नेपाल-चीन सम्बन्धको स्थानीय तथा क्षेत्रीय तहको सम्पर्क बिन्दु, समानान्तर कूटनीतिसँगको सम्बन्ध, नेपाल सरकारको विदेश नीतिका उद्देश्यहरुलाई स्थानीय तहमा कार्यान्वयन, विश्वास निर्माण, भ्रमण आदानप्रदान, सूचना तथा नीति पृष्ठपोषण, व्यापार तथा औद्योगिक मेला आयोजना लगायतका क्षेत्रहरुमा कूटनीतिक महत्व तथा भूमिका रहिआएको छ। व्यापार सहजीकरण, नेपाली वस्तुको प्रवर्धन, भन्सार प्रक्रिया सरलीकरण, आयात/निर्यात सहजीकरण र व्यापार मेलामा सहभागिता

DOI: https://doi.org/10.68148/ygs25148

लगायतका क्षेत्रमा महावाणिज्यदूतावासको महत्वपूर्ण भूमिका रहिआएको छ (ढकाल, अन्तर्वार्ता २०८३/०४/२२)। महावाणिज्यदूतावासको विषयमा केही अनुसन्धानकर्ताहरुको दृष्टिकोण यसप्रकार रहेको छ :

Johny (2024) ले नेपालले चीन र भारतमध्ये कुनै एक शक्तिसँग पूर्ण रुपमा आबद्ध हुनेभन्दा सन्तुलन कायम गर्ने अर्थात् सम्भावित जोखिम न्यूनीकरण रणनीति अपनाएको तर्क गर्नुभएको छ। नेपालको भौगोलिक, राजनीतिक तथा आर्थिक अवस्थाका कारण यस्तो रणनीति नेपालको परराष्ट्र नीतिका लागि महत्वपूर्ण रहेको अध्ययनले देखाउँछ। उदाहरणका लागि ल्हासास्थित नेपाली महावाणिज्यदूतावासको भूमिकालाई रणनीतिक स्वायत्तता र सम्भावित जोखिम न्यूनीकरण रणनीतिको दृष्टिकोणबाट विश्लेषण गर्न प्रयोग गर्न सकिन्छ। Melissen (2020) का अनुसार वाणिज्य कूटनीतिलाई केवल राहदानी, भिसा तथा विदेशमा रहेका आफ्ना नागरिकहरुलाई सेवा दिने प्रशासनिक कार्यको भूमिकाको रुपमा मात्र नहेरी उहाँहरुको जीउ, धनको सुरक्षार्थ केवल वाणिज्यीय प्रक्रियामा मात्र सीमित नरही समग्र परराष्ट्र नीति, कूटनीतिक संलग्नता र सुरक्षा नीतिको अभिन्न अंगका रुपमा अलग नरही एकीकृत भूमिका निर्वाह गर्नुपर्ने दृष्टिकोणबाट व्याख्या गर्नुभएको पाइन्छ।

Oliver (2016) ले आधुनिक वाणिज्यदूत सम्बन्धी कूटनीतिमा विदेशमा रहेका आफ्ना नागरिकहरुको संख्या बढ्दै जानु र विभिन्न प्रकारका संकट उत्पन्न हुनुका कारण परराष्ट्र मन्त्रालय तथा विदेशस्थित नियोगहरुको जिम्मेवारी तथा भूमिका बढ्दै गएको देखाउनु भएको छ। उहाँका अनुसार वाणिज्यदूत सम्बन्धी कूटनीति सरकारको व्यापक कूटनीतिक रणनीतिको महत्वपूर्ण भाग हो। उदाहरणको लागि नेपाली नागरिकहरुको सुरक्षा, कल्याणकारी सेवा, आकस्मिक सहायता, उद्धार तथा संकट व्यवस्थापन सम्बन्धी भूमिकाको क्षेत्रमा ल्हासा स्थित नेपाली महावाणिज्यदूतावासले सहकार्य गरी आफ्नो भूमिका निर्वाह गर्न सक्ने उहाँले गरेको अध्ययनको आशयबाट बुझ्न सकिन्छ। Stringer (2004) ले भिसा कूटनीतिलाई अध्ययन गर्दै भिसा जारी गर्ने वा अस्वीकार गर्ने प्रक्रिया केवल प्रशासनिक विषय नभई परराष्ट्र नीतिको एउटा साधन पनि भएको हुन सक्ने तर्क गर्नुभएको छ। भिसा सम्बन्धी निर्णयले दुई देशहरुबीचको सम्बन्धमा राजनीतिक तथा कूटनीतिक संकेत समेत दिन सक्छ। उदाहरणको लागि ल्हासास्थित नेपाली महावाणिज्यदूतावासबाट प्रदान गरिने भिसा सेवाको प्रशासनिक मात्र नभई कूटनीतिक महत्व विश्लेषण गर्न यो अध्ययन उपयोग देखिन्छ।

Koirala (2011) ले नेपाल-चीन सम्बन्धलाई भारतको प्रभाव, तिब्बत प्रश्न तथा नेपालको भौगोलिक अवस्थिति लगायतका पक्षसँग जोडेर अध्ययन गर्नुभएको पाइन्छ। उहाँका अनुसार नेपाल-चीन सम्बन्धलाई केवल दुई देशहरुबीचको द्विपक्षीय सम्बन्धका रुपमा मात्र नभई व्यापक दक्षिण एसियाली तथा एसियाली भूराजनीतिक परिवेशमा बुझ्न आवश्यक छ। उदाहरणार्थ यस अध्ययनका आधारमा ल्हासास्थित नेपाली महावाणिज्यदूतावासलाई नेपाल-चीन-भारतबीचको भूराजनीतिक सम्बन्धमा कार्यरत संस्थागत निकायका रुपमा विश्लेषण गर्न सकिन्छ। Chand र Danner (2016) ले चीनको बढ्दो प्रभावले नेपालमा पार्ने राजनीतिक, आर्थिक तथा रणनीतिक प्रभावको अध्ययन गर्नुभएको छ। उहाँहरुले नेपालको भौगोलिक तथा रणनीतिक अवस्थिति चीनको नेपाल नीतिको अध्ययनमा महत्वपूर्ण रहेको देखाउनु भएको छ। उदाहरणका लागि ल्हासास्थित नेपाली महावाणिज्यदूतावासको रणनीतिक भूमिका अध्ययन गर्न यो स्रोत उपयोगी देखिन्छ।

Sharma र Chhetri (2022) ले चीनको क्षेमा पहलकदमी अर्थात् क्षेत्र र मार्ग पहलकदमी (बेल्ट एन्ड रोड इनिसिएटिभ : बीआरआइ) र नेपालबीचको सम्बन्ध, नेपालको भूराजनीतिक अवस्था तथा नेपाल-चीन-भारत सम्बन्धको सन्दर्भमा नेपालको रणनीतिक भूमिकाको अध्ययन गर्नुभएको छ। उदाहरणको लागि यसबाट आर्थिक कूटनीति, व्यापार, पूर्वाधार, सम्पर्क सञ्जाल तथा ल्हासा महावाणिज्यदूतावासको रणनीतिक महत्व अध्ययन गर्न सकिन्छ। Shneiderman (2013) ले नेपाल र चीनको तिब्बत स्वायत्त क्षेत्रबीचको सीमालाई केवल दुई देशहरुबीचको भौगोलिक सीमा मात्र नभई सार्वभौमिकता, आवागमन, नागरिकता र सीमावर्ती जनताको दैनिक जीवनसँग जोडिको सामाजिक तथा राजनीतिक क्षेत्रका रुपमा अध्ययन गर्नुभएको छ। उदाहरणको लागि यस अध्ययनलाई ल्हासा महावाणिज्यदूतावासको सीमा कूटनीति, सीमावर्ती नेपाली नागरिकको संरक्षण, आवागमन, व्यापार तथा सीमि व्यवस्थापनसँग जोड्न सकिन्छ। नेपाल-चीन (भोट तिब्बत) सीमावर्ती भौगोलिक क्षेत्र हिमताल र हिमचट्टानहरुको माझमा रहेर अवस्थित एशियाको पानी ट्याङ्कीको रुपमा रहेकाले विगतको सिन्धुपाल्चोक र

DOI: https://doi.org/10.68148/ygs25148

रसुवागढीलाई हिममण्डलीय प्रकोपबाट नेपाली जनताको जिउ, धन, पशुधन, पूर्वाधार आदिबाट कसरी सुरक्षा गर्ने ? पूर्वसूचना र जोखिम न्यूनीकरण कसरी गर्ने ? विपद् व्यवस्थापन कसरी गर्ने ? भविष्यमा हुन सक्ने सम्भावित हिममण्डलीय प्रकोपबाट नेपाली जनतालाई कसरी सुरक्षित राख्ने ? यस्ता सवालहरुमा ल्हासा महावाणिज्यदूतावासको थप नविनतम भूमिका देखिएको छ ।

Pyakurel (2019) ले क्षेमा पहलकदमीको सन्दर्भमा नेपाल-चीन सीमा सम्बन्ध, सीमा सम्पर्क, व्यापार तथा सीमापार आवागमनका अवसर र सीमाहरुको अध्ययन गर्नुभएको पाइन्छ । यस अध्ययनबाट ल्हासा महावाणिज्यदूतावासको सीमा व्यापार सहजीकरण, आर्थिक कूटनीति, सीमापार सम्पर्क तथा व्यापारिक समस्या समाधान सम्बन्धी भूमिका अध्ययन गर्न सकिन्छ । नेपाल-चीन (तिब्बत) सीमावर्ती नाका भन्सार प्रक्रिया पुरा गरिसकेका सवारी साधनहरुलाई तुरुन्त गन्तव्यमा जाने वातावरण मिलाउनुको सट्टा सडक वरिपरि र सीमावर्ती क्षेत्रमा पार्किङ्ग गर्न लगाई होल्ड गर्ने प्रक्रिया अवको समयमा हिममण्डलीय बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपका कारण असंख्य जनताको जिउ, धनमालको क्षेति भएको विगतले पुष्टि गरिसकेका कारण अव उप्रान्त ल्हासा महावाणिज्यदूतावासले थप प्राविधिक मानव संशाधन तथा अत्याधुनिक सूचना प्रविधिमा आधारित पूर्व तयारी र सतर्कता बढाउनु पर्ने देखिएको छ । Sreedhar (1988) ले नेपाल र तिब्बतबीच भएका ऐतिहासिक सन्धि तथा सम्बन्धको अध्ययन गर्नुभएको छ । यस अध्ययनले नेपाल-चीन (तिब्बत) सम्बन्धको ऐतिहासिक विकास बुझ्न आधार प्रदान गर्छ । यसलाई ल्हासामा नेपालको ऐतिहासिक प्रतिनिधित्व, नेपाल-चीन (तिब्बत) सम्बन्धको विकास तथा आधुनिक महावाणिज्यदूतावासको संस्थागत विकासक्रम अध्ययन गर्न प्रयोग गर्न सकिन्छ ।

Shrestha (2021) ले नेपालको आर्थिक कूटनीतिलाई विकास साझेदारी, आर्थिक वृद्धि तथा राष्ट्रिय हितसँग जोडेर अध्ययन गर्नुभएको छ । आर्थिक कूटनीतिले नेपालको आर्थिक विकास र अन्तर्राष्ट्रिय साझेदारीलाई प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्ने उहाँको तर्क छ । ल्हासा महावाणिज्यदूतावासको व्यापार प्रवर्द्धन, आर्थिक सम्बन्ध, लगानी तथा आर्थिक कूटनीति अध्ययन गर्न उपयोगी छ । Parajuli (2025) ले नेपालको आर्थिक कूटनीतिको उद्देश्य तथा रणनीतिलाई व्यापार, वैदेशिक लगानी, पर्यटन, प्रविधि तथा अन्तर्राष्ट्रिय व्यावसायकि सम्बन्धसँग जोडेर अध्ययन गर्नुभएको छ । नेपालले आफ्नो आर्थिक कूटनीतिलाई अझ प्रभावकारी बनाउन आवश्यक रहेको उहाँको निष्कर्ष छ । यसलाई ल्हासा महावाणिज्यदूतावासको व्यापार, पर्यटन, लगानी तथा आर्थिक सम्बन्ध प्रवर्द्धनको मूल्यांकन गर्न प्रयोग गर्न सकिन्छ ।

Bhatta (2024) ले नेपाल-चीन सम्बन्धको बदलिँदो स्वरुपलाई भूराजनीति, चीनको सुरक्षा चासो, एक चीन सिद्धान्त तथा तिब्बतसँग सम्बन्धित संवेदनशीलताका सन्दर्भमा अध्ययन गर्नुभएको देखिन्छ । यसबाट ल्हासा महावाणिज्यदूतावासको कूटनीतिक कार्य, राजनीतिक संवेदनशीलता, तिब्बत सम्बन्धी विषय तथा नेपाल-चीन सम्बन्धको अध्ययनलाई प्रभावकारी बनाउँछ । Adhikari (2025) ले नेपाल-चीन सम्बन्धलाई राज्य-राज्यबीचको सम्बन्धमा मात्र सीमित नगरी जनस्तरको सम्बन्धका रुपमा अध्ययन गर्नुभएको छ । संस्कृति, भाषा, अर्थतन्त्र तथा जनताको अनुभवले दुई देशहरुबीचको सम्बन्ध निर्माणकमा भूमिका खेल्ने उहाँको तर्क छ । यसले ल्हासा महावाणिज्यदूतावासको जनस्तरीय कूटनीति, सांस्कृतिक सम्बन्ध, नेपाली समुदाय तथा जनतादेखि जनतासम्मको जनस्तरीय कूटनीतिक सम्बन्धको अध्ययन गर्दछ ।

### ७.२. कार्य (Function)

ल्हासास्थित नेपाली महावाणिज्यदूतावासको नियमित कार्यहरु यसप्रकार रहेको पाइन्छ :

वाणिज्यदूत सम्बन्ध सम्बन्धी भियना महासन्धि, १९६३ राज्यहरुबीच वाणिज्यदूत सम्बन्ध सञ्चालन गर्ने, वाणिज्यदूत पदाधिकारीका कार्य तथा जिम्मेवारी निर्धारण गर्ने प्रमुख बहुपक्षीय कानूनी दस्तावेज हो । संयुक्त राष्ट-संघको व्याख्या अनुसार यसको उद्देश्य वाणिज्यदूत नियोगहरुले आफ्ना राज्यको तर्फबाट प्रभावकारी रुपमा कार्यसम्पादन गर्न सक्ने अन्तर्राष्ट्रिय कानूनी संरचना प्रदान गर्नु हो ।

स्थापनाकालदेखि नै महावाणिज्य दूतावास, ल्हासाले नेपाल र जनगणतन्त्र चीनबीच द्विपक्षीय सम्बन्ध सुदृढ गर्न तथा सामाजिक-आर्थिक सम्बन्ध प्रवर्द्धन गर्ने कार्य गर्दैआएको छ (lxa.nepalconsulate.gov.np) । एक

कूटनीतिक नियोग तथा वाणिज्यदूत कार्यालयका रुपमा, ल्हासास्थित नेपाली महावाणिज्य दूतावासले स्थल मार्गबाट हुने व्यापारको सहजीकरण गर्ने, तिब्बतमा बसोबास गर्ने नेपाली नागरिक तथा व्यवसायीहरुलाई कन्सुलर सेवा प्रदान गर्ने, चिनियाँ तथा तेस्रो मुलुकका पर्यटकहरुलाई पर्यटक भिसा जारी गर्ने तथा नेपाल र जनगणतन्त्र चीनको तिब्बत स्वायत्त क्षेत्रबचि भ्रमण आदान-प्रदानको समन्वय र सहजीकरण लगायतका कार्य मार्फत दुई देशबीचको मैत्रीपूर्ण सम्बन्ध प्रबर्द्धन गर्ने काम गर्छ (Ibid) । राहदानी सम्बन्धी सेवा, यात्रा कागजात, भिसा, कागजात प्रमाणीकरण, अधिकारपत्र तथा आधिकारिक कागजात, नागरिक सम्बन्धी सिफारिस, आकस्मिक तथा मानवीय सहायता, ल्हासाको आधिकारिक वेबसाइटमा पनि भिसा, राहदानी, अधिकृत वारेसनामा र कागजात प्रमाणीकरणलाई सेवाका रुपमा उल्लेख गरेको देखिन्छ ।

ल्हासा महावाणिज्यदूतावासबाट भिसा सेवा सञ्चालन प्रक्रिया, नेपाल आउने चिनियाँ तथा तेस्रो देशका पर्यटकलाई यसले गर्ने सहजीकरण, स्थलमार्गबाट नेपाल आउने पर्यटक सम्बन्धी कार्य र डिजिटल, अनलाइन भिसा प्रणालीले सेवा प्रवाहमा पार्ने परिवर्तन लगायतका समग्र भिसा तथा आवागमन कार्य गर्छ। व्यापार सूचना आदाप्रदान कार्य, नेपाली व्यापारीलाई सहजीकरण, व्यापारिक समस्या समाधानमा समन्वय, नेपाली उत्पादनको प्रवर्द्धन, व्यापारिक डेलिगेसन, सीमा पार व्यापार, बन्दोबस्ती तथा कनेक्टिभिटी, आर्थिक सूचना-बौद्धिकता तथा विश्लेषण सम्बन्धी समग्र व्यापार तथा वाणिज्य कार्य सम्पादन गर्छ। नेपाल पर्यटन प्रवर्द्धन, चिनियाँ पर्यटक आकर्षण, नेपाल-सिचाङ पर्यटन मार्ग, धार्मिक पर्यटन, साँस्कृतिक पर्यटन लगायतका समग्र पर्यटन प्रवर्द्धन कार्य गर्छ ।

सिचाङ, तिब्बतका सम्बन्धित निकायहरुसँग सम्पर्क तथा सहकार्य, स्थानीय प्रशासनसँग समन्वय, उच्चस्तरीय भ्रमण, प्रतिनिधिमण्डल आदानप्रदान, स्थानीय राजनीतिक तथा आर्थिक घटनाको अध्ययन तथा प्रतिवेदन, बौद्ध कूटनीति लगायतका समग्र राजनीतिक तथा कूटनीतिक सम्पर्क सम्बन्धी कार्य गर्छ । अन्तर्राष्ट्रिय संस्थाहरुले बोकाएको दायित्व सम्बन्धी कार्य जस्तै भियना कन्भेन्सनको आर्टिकल 5(C) ले आतिथेय (प्राप्तकर्ता) राष्ट्रको वाणिज्यीय, आर्थिक, साँस्कृतिक र वैज्ञानिक जीवन पद्धतिको अवस्था, विकासबारे बैधानिक माध्यमबाट जानकारी प्राप्त गरी प्रेषक राष्ट्रको सरकारलाई प्रतिवेदन गर्ने कार्यलाई वाणिज्यदूतको कार्य मानेको देखिन्छ । त्यसैले ल्हासा महावाणिज्यदूतावास-काठमाडौं सूचना सम्प्रेषण तथा प्रवाह, नीति पृष्ठपोषण, बौद्धिकता तथा सूचना संकलनको वैधानिक सीमा, आर्थिक प्रतिवेदन, सीमा अवस्था प्रतिवेदन, पर्यटन तथा व्यापार प्रतिवेदन लगायतका सूचना तथा प्रतिवेदन सम्बन्धी कार्य गर्छ ।

यसलाई प्राथमिक तथ्यहरुमा राखेर मूल्यांकन गर्दा यस्तो पाइन्छ : ल्हासास्थित नेपाली महावाणिज्यदूतावासका प्रमुख कार्यहरु अन्तर्गत व्यापार, वाणिज्य, लगानी, पर्यटन प्रवर्धन गर्नु हो । यसले नियमित रुपमा दूतावासीय कार्यहरु सम्पादन गर्दै आइरहेको छ । यसले दुई देशको सम्बन्धलाई उचाईमा पुर्‍याउने कार्यहरु सम्पादन गर्दै आइरहेको छ। महावाणिज्यदूतावास एक सार्वभौम प्रतिनिधित्वको रुपमा रहेर काम गर्दैआएको छ (ढकाल, अन्तर्वार्ता २०८३/०४/२२) ।

### ७.३. कर्तव्य (Duty)

ल्हासास्थित नेपाली महावाणिज्यदूतावासको कर्तव्य कानूनतः यसप्रकार उल्लेख पाइन्छ :

विदेशमा रहेका नेपाली नागरिकको अधिकार, हित र सुरक्षाको संरक्षण गर्नु यसको मुख्य कर्तव्य हो । भियना कन्भेन्सनको आर्टिकल 5(a) ले प्रेषक राष्ट्र र उसको राष्ट्रिय हित संरक्षणलाई प्रमुख वाणिज्यदूत सम्बन्धी कार्य मानेको छ । आर्टिकल 5(e) ले राष्ट्रलाई सहयोग र सहायता प्रदान गर्ने विषय स्पष्ट गरेको छ । नेपाली नागरिकको संरक्षण, कन्सुलर सेवा प्रदान गर्नु, कानूनी सीमाभित्र सहायता गर्नु, नेपालको हित संरक्षण गर्नु, व्यापारिक तथा आर्थिक सम्बन्ध प्रवर्द्धन गर्नु, सांस्कृतिक सम्बन्ध प्रवर्द्धन गर्नु, पर्यटन प्रवर्द्धन गर्नु, नेपाल सरकारलाई सूचना तथा प्रतिवेदन दिनु, द्विपक्षीय सम्बन्धमा सकारात्मक योगदान गर्नु, प्रचलित अन्तर्राष्ट्रिय तथा प्रापक-राज्यको कानूननको पालना गर्नु जस्ता मानकगत (निर्धारित) दायित्व र वास्तविक कार्यसम्पादन बीचको तुलना लगायतका समग्र कर्तव्यका आयामहरुप्रति प्रतिबद्ध रहनु हो ।

DOI: https://doi.org/10.68148/ygs25148

## ७.४. अधिकार (Rights)

अधिकार भनेको शक्ति र कानूनको प्राधिकार हो । महावाणिज्यदूतावासको अधिकार असीमित हुँदैन । भियना महासन्धि अनुसार वाणिज्यदूतावासको स्थापना नै प्रापक राज्यको सहमति (मञ्जुरी) मा निर्भर हुन्छ र वाणिज्यदूतावासको कार्य क्षेत्र पनि सम्बन्धित स्वीकृतिसँग जोडिएको हुन्छ । त्यसैले अधिकारलाई ५ तहमा छुट्याउन सकिन्छ । वाणिज्यदूत सम्बन्धी भियना महासन्धि, १९६३ अनुसार विशेष गरी आर्टिकल १, २, ३, ४, ५, ६, ८, १०, २३, ३६ र ४० महत्वपूर्ण छन् । संयुक्त राष्ट्रसंघ अनुसार महासन्धि अप्रिल २४, १९६३ मा भियनामा सम्पन्न भएको र मार्च १९, १९६७ मा लागू भएको हो । यसरी ल्हासा महावाणिज्यदूतावासले अन्तर्राष्ट्रिय कानूनी अधिकार पालना गर्नुपर्छ ।

नेपालको संविधान, नेपाल परराष्ट्र सेवा सम्बन्धी नियम कानून, राहदानी ऐन, २०७६, प्रमाणीकरण सम्बन्धी नियम, सम्बन्धित कन्सुलर कानून, परराष्ट्र मन्त्रालयका नीति निर्देशन, नेपाल-चीन द्विपक्षीय सम्झौता लगायतका नेपाली कानूनी अधिकारको पनि उपयोग गर्नुपर्ने हुन्छ । नेपाल परराष्ट्र सेवा सम्बन्धी नियममा नियोग भन्नाले विदेशस्थित नेपाली दूतावास, स्थायी नियोग, महावाणिज्यदूतावास वा वाणिज्यदूतावासलाई समेत जनाउने स्पष्ट व्यवस्था छ । नेपाली महावाणिज्यदूतावासले नेपालका नागरिकको हित संरक्षण गर्दा चीनको सार्वभौमिक अधिकारसँग कहाँसम्म हस्तक्षेप गर्न सक्छ ? यसमा थप अध्ययन गर्नु पर्छ । चिनियाँ कानून, प्रापक-राज्यको मञ्जुरी, भौगोलिक क्षेत्राधिकार, अहस्तक्षेप, महावाणिज्यदूतको पहुँच सम्बन्धी अधिकार र विशेषतः भियना महासन्धिको आर्टिकल ५ ले प्रशासनिक प्रक्रियाको संरक्षण तथा विशेषाधिकार र उन्मुक्तिहरु जस्ता विषयहरु अध्ययन गर्छ । वाणिज्यदूत प्रमाणपत्र जारी गर्ने, भिसा प्रक्रिया, राहदानी तथा यात्रा कागजात, दस्तावेज प्रमाणीकरण, वाणिज्यदूत अभिलेख, कर्मचारी परिचालन र कार्यालय सञ्चालन लगायतका समग्र प्रशासनिक अधिकारको प्रयोग गर्छ ।

स्थानीय सरकारसँग सम्पर्क, व्यापारिक संस्थासँग संवाद, सामाजिक तथा सांस्कृतिक संस्थासँग सम्बन्ध, नेपाल सरकारको प्रतिनिधित्व र भ्रमण तथा प्रतिनिधिमण्डल सम्बन्धी समन्वय लगायतका प्रतिनिधिमूलक तथा सम्पर्क अधिकारहरु रहेका छन् ।

## ८. प्राप्ति (Findings)

यस अध्ययनले तिब्बत मार्फत अगाडि बढेको ऐतिहासिक नेपाल-चीन सम्बन्ध सुदृढ रहँदै आएको पाएको छ । तिब्बत उसको मातृभूमि चीनको एक अभिन्न अङ्ग रही एक चीन नीतिले स्थापित गरेको व्यवहारिक सम्बन्धको कारण नेपाल एक चीन सिद्धान्तप्रति प्रतिबद्ध रहँदै आएको छ । सिचाङको ल्हासामा रहेको ऐतिहासिक नेपाली महावाणिज्यदूतावासको मध्यमबाट ऐतिहासिक नेपाल-चीन सम्बन्ध अक्षुण्ण रहिआएको लगायतका तथ्यहरु प्राप्त भएका छन् । हालसम्मका अध्ययनहरुले ल्हासा स्थित नेपाली मावाणिज्यदूतावासको इतिहास, भूमिका, काम, कर्तव्य र अधिकारको विषयमा समेटन नसकेका तथ्य तथ्यांकहरुलाई यस अध्ययनले समेट्ने प्रयत्न गरी अनुसन्धान रिक्तता पूर्ति गरेको छ । यसमा नसमेटिएका बाँकी विषयवस्तुहरुलाई आगामि शोधार्थीहरुले पूर्णता दिँदै जानु हुनेछ । उदाहरणको लागि बद्लिँदो परिस्थितिमा ल्हासा स्थित नेपाली महावाणिज्यदूतावासले विज्ञान, प्रविधि र आर्टिफिसियल इन्टिलिजेन्स (एआइ) मा समेत ध्यान दिनुपर्ने भएकाले त्यो विषयमा यो अध्ययनले नसमेटेको हुँदा आगामी अनुसन्धानकर्ताहरुले यस विषयको अध्ययनमा ध्यान दिनु पर्ने हुन सक्छ । बद्लिँदो परिस्थिति अनुसार अव उप्रान्त महावाणिज्यदूतावासले सुरक्षासँगै स्वस्थ विकास (सकारात्मक परिवर्तन) मा समयसापेक्ष ध्यान दिई कार्यसम्पादन गर्नुपर्ने आवश्यकता पहिचान भएको छ ।

## ९. निष्कर्ष (Conclusion)

नेपाल र चीनको स्वायत्त क्षेत्र सिचाङ दक्षिण एशिया र मध्य एशिया जोड्ने भौगोलिक सीमावर्ती क्षेत्रहरु हुन् । चीनको दक्षिण, भारतको उत्तरमा रहेको नेपाल एशियाली सभ्यताको त्रिदेशीय संगम स्थलको रुपमा रहेको छ । इतिहासकालदेखि सिचाङको ल्हासामा रहेको नेपाली महावाणिज्यदूतावासले नाय रेसिडेन्सी, नेपाली वकिल अफिसहुँदै महावाणिज्यदूतावास सम्मको ऐतिहासिक यात्रा पुरा गरेको छ । यसले दुई देशीय आर्थिक, वाणिज्य, व्यापारिक, राजनीतिक, कूटनीतिक, सामाजिक, साँस्कृतिक, सुचना प्रविधि आदानप्रदान लगायतका क्षेत्रहरुमा

उल्लेखनीय कामहरु गर्दै आएको छ । महावाणिज्यदूतावासलाई परम्परागत कार्यमा मात्र सीमित नराखी यसको समयसापेक्ष वृहत् र बहुआयामिक कार्यहरु रहेकाले यसको सक्षमता अभिबृद्धि गर्नुपर्ने देखिएको छ। चीनको दक्षिणमा भौगोलिक चार किल्ला जोडिएको सँधियार राष्ट्र नेपालले परम्परागतकालदेखि नै सिचाङ चीनको एक अभिन्न अङ्ग रहिआएको विभिन्न अध्ययनहरुबाट पुष्टि भई सो आधारमा नेपाल सदैव “एक चीन सिद्धान्त” प्रति प्रतिवद्ध रहिआएको छ । रहनेछ । एशियाको पानी ट्याङकीको रुपमा रहेको नेपाल र चीनको स्वशासित प्रदेश तिब्बत सीमाबर्ती हिममण्डलीय क्षेत्रमा उत्पन्न सम्भावित जोखिम न्यूनीकरण सम्बन्धी विषय तथा सोको वैज्ञानिक अध्ययन अनुसन्धान कार्यमा महावाणिज्यदूतावासले थप ध्यान दिनुपर्ने देखिन्छ। कूटनीतिक, व्यापारिक, वाणिज्यीय, आर्थिक, सामाजिक, सँस्कृतिक, रणनीतिक बहुआयामिक क्षेत्रहरुका साथै दिगो र स्वस्थ विकासको लागि शान्ति र सुरक्षा पनि अत्यन्त महत्वपूर्ण हुने वर्तमान विश्व व्यवस्थाले पहिचान गरिसकेको हुँदा महावाणिज्यदूतावासको आगामी रणनीति स्वस्थ विकाससँगै नागरिक सुरक्षालाई अझै बढी ध्यान दिनु पर्ने आवश्यकता देखिएको छ।

## Author Contribution

The author conceived the review, formulated the research questions, conducted literature search and screening, extracted and analyzed the evidence, created tables and analysis model, wrote and revised the manuscript.

## Conflict of Interest

The author declares no competing interest.

## सन्दर्भ सामग्री (References)

### प्राथमिक स्रोत (अन्तर्वार्ता) Primary Sources (Interviews)

ताम्ला उक्याव, २०७६/१/२५ । वासुदेव शर्मा ‘तुफान’, २०७६/२/२ । डा. रणबहादुर थापा, २०७६/२/२५ । गोविन्द बहादुर काकी, २०८३/०४/२२ । नवराज ढकाल, २०८३/०४/२२ ।

### Secondary Sources

के. सी., सुरेन्द्र (२०६१) । *नेपालको कूटनीतिक इतिहास* । काठमाडौं : पैरवी प्रकाशन ।

छिङयिङ, छन (२०१९) । *दलाइ लामाको अवतारी प्रथा* । भक्तपुर : करेन्ट पब्लिकेशन प्रा. ली. ।

ज.ब.रा., पुरुषोत्तम शमशेर (२०५२/१२/४) । *लुकेछिपेका प्रतिभाहरु : कर्णेल त्रिविक्रम सिंह थापा (काजी मामा)* । साप्ताहिक जनज्योति ।

थापा, डा. तिलु (२०८२) । *प्रधानमन्त्री बमबहादुर कुँवर राणा* । काठमाडौं : नइ एकेडेमी ।

थापा, टेक बहादुर ‘मदन’ शैलेन्द्र बहादुर (२०७८) । *एकीकरणका बडाकाजी भाग–१* । काठमाडौं : इन्द्र देवी थापा र अस्मिता थापा ।

थापा, डा. रणबहादुर (२०७८) । *नेपाल : विश्व व्यापार -संक्षिप्त ऐतिहासिक परिचय : १०० वी.सी. (सन् २०२०)* । काठमाडौं: ई. रमेश थापा ।

थापा, दिवेश वरसिंह (२०८३/०५/१९) । *भोटखोला बाढी : हजारौं नागरिकदेखि ऐतिहासिक सन्धि ढुंगा बगायो* । आजको अर्थ । https://ajakoartha.com/story/144848

थापा, शैलेन्द्र बहादुर (२०८०) । *जलपकडमा त्रिदेशीय अन्तरसम्बन्ध* । काठमाडौं : तीव्रखबर प्रकाशन प्रा लि. ।

थापा, शैलेन्द्र बहादुर (२०८१) । *भृकुटी (खोज, पुनर्खोज : एक पुनरावलोकन अध्ययन)* । काभ्रेपलाञ्चोक र काठमाडौं : जिल्ला समन्वय समिति, भृकुटी स्मृति प्रतिष्ठान ।

थापा, शैलेन्द्र बहादुर (२०८१/३/२८) । *नेपाल–चीन सम्बन्धमा थापा मिसनको योगदान* । तीव्रखबर । https://tibrakhabar.com/?p=664

थापा, शैलेन्द्र बहादुर (२०८३/०१/२७) । *प्यारो सार्वभौम नेपाली भूमि लिम्पियाधुरा–कालापानी–लिपुलेक* । आर्थिक न्युज । https://aarthiknews.com/news/120934/beloved-sovereign-nepalese-land-limpiyadhura-kalapani-lipulek/

थापा, शैलेन्द्रबहादुर (२०८३) । *नेपाल–सिचाङ -चीन) सम्बन्धमा भृकुटीको योगदान : एक ऐतिहासिक अध्ययन* । स्नातकोत्तर शोध–ग्रन्थ, लुम्बिनी बौद्ध विश्वविद्यालय, बौद्ध दर्शन तथा दिगो विकास कार्यक्रम । TUCL eLibrary Repository. https://hdl.handle.net/20.500.14540/26706

थापा, दिव्य श्री (२०२२) । *नेपाली नदी प्रणाली तथा गढी, किल्ला ः एक सामरिक महत्व* : Unity Journal. Vol. III, 331-349. https://doi.org/10.3126/unityj.v3i01.43336

पन्त, महेशराज -सम्पा.) (२०७९) । *नयराज पन्तको दृष्टिमा श्री ३ जङ्गबहादुर राणा* । काठमाडौं : संशोधन–मण्डल ।

भट्टराई, केशवप्रसाद (१९९०) । *नेपाल–भारत सम्बन्ध -एक विश्लेषणात्मक अध्ययन, १९५०–१९८९)* । सिन्धुली : लेखक स्वयम् ।

मानन्धर, त्रिरत्न (२०८०) । *नेपाल–भोट विवाद -वि.सं. १९३९–१९४१)* । काठमाडौं: फाइनप्रिन्ट प्रा.लि. ।

वाङ शु र चाओ चनयु (२०२६) । *पञ्चेन रिन्पोछेको राज्यारोहणको ३०औं वार्षिकोत्सवको सम्मानमा* । आजको तिब्बत द्वैमासिक पत्रिका, वर्ष १९, अंक २ ।

हेइमिङ, वेन (२०१७) । *चाइनिज फिलोसोफी* । पेईचिङ: चाइना इन्टरनेश्नल प्रेस ।

श्रेष्ठ अमन, राणा सन्तनुप्रताप, भण्डारी रतन र अरु (२०७२) । *नेपाल–भारत र चीन सन्धि समिक्षात्मक विवेचना* । काठमाडौं : मधुवन प्रकाशन ।

शिवाकोटी, प्रा.डा. गोपाल (२०७३) । *त्रिदेशीय साझेदारीमा नेपाल–चीन सम्बन्ध* । काठमाडौं: पैरवी प्रकाशन ।

Adhikari, S. (2025). *Contours of Nepal-China relations: A people-centered perspective. International and Public Affairs, 9*(1), 1–12. https://doi.org/10.11648/j.ipa.20250901.11

Bhatta, C. D. (2024). *Metamorphosis of Nepal-China relations. NCWA Annual Journal, 55*(1), 88–96. https://doi.org/10.3126/ncwaj.v55i01.63057

Bhattarai, S. N., Uprety, G. P., & Lohani, M. P. (Eds.). (2025). *Friendship Journal of Nepal-China Studies* (August 1, 2025). Kathmandu: China Study Center.

Chand, B., & Danner, L. K. (2016). Implications of the dragon's rise for South Asia: Assessing China's Nepal policy. *Strategic Analysis, 40*(1), 26–40. https://doi.org/10.1080/09700161.2015.1116247

Johny, E. (2024). Foreign policy strategies of Nepal between China and India: Bandwagon or hedging. *International Politics*. https://doi.org/10.1057/s41311-024-00560-1

Koirala, B. (2011). Sino-Nepalese relations: Factoring in India. *China Report, 46*(3), 249–262. https://doi.org/10.1177/000944551104600305

Melissen, J. (2020). Consular diplomacy's first challenge: Communicating assistance to nationals abroad. *Asia & Pacific Policy Studies, 7*(2), 217–228. https://doi.org/10.1002/app5.298

DOI: https://doi.org/10.68148/ygs25148

Murton, G. (2017). Making mountain places into state spaces: Infrastructure, consumption, and territorial practice in a Himalayan borderland. *Annals of the American Association of Geographers, 107*(2), 536–545. https://doi.org/10.1080/24694452.2016.1232616

Oliver, A. (2016). Travelling responsibly, but further to go: Australia's new consular diplomacy. *Australian Journal of International Affairs, 70*(6), 681–694. https://doi.org/10.1080/10357718.2016.1220496

Parajuli, C. (2025). Economic diplomacy strategy for Nepal. *Prashasan: The Nepalese Journal of Public Administration, 57*(1), 167–178. https://doi.org/10.3126/Prashasan.v57i1.80665

Pyakurel, U. P. (2019). The BRI, Nepal's expectations, and limitations on Nepal-China border relations. *Issues & Studies, 55*(4), Article 1940006. https://doi.org/10.1142/S101325111940006X

Shakya, M. B. (1997). *Princess Bhrikuti Devi*. Delhi: Book Faith India.

Sharma, S., & Chhetri, P. S. (2022). Nepal, China and 'Belt and Road Initiative': Prospects and challenges. *Strategic Analysis, 46*(3), 260–274. https://doi.org/10.1177/09749284221108262

Shneiderman, S. B. (2013). Himalayan border citizens: Sovereignty and mobility in the Nepal-Tibetan Autonomous Region (TAR) of China border zone. *Political Geography, 35*, 25–36. https://doi.org/10.1016/j.polgeo.2013.04.001

Shrestha, R. (2021). Economic diplomacy for development partnership. *Journal of Foreign Affairs, 1*(1), 59–78. https://doi.org/10.3126/jofa.v1i1.36249

Sreedhar, K. (1988). Treaty relations between Nepal and Tibet. *China Report, 24*(3). https://doi.org/10.1177/000944558802400304

Stringer, K. D. (2004). Visa diplomacy. *Diplomacy & Statecraft, 15*(4), 655–682. https://doi.org/10.1080/09592290490886775

Yuan, L. (Ed.). (2020). *Potala*. Lhasa: Comprehensive Communication Platform of Potala Magazine. https://lxa.nepalconsulate.gov.np/pages.introduction-2/

Views and opinions expressed in this article are the views and opinions of the author(s), *NPRC Multilingual Journal* shall not be responsible or answerable for any loss, damage or liability etc. caused in relation to/arising out of the use of the content.